# जेपी किन जेल परे ?

## (राज्य षड्यन्त्रको यात्रा)

**सम्पादन**

**राजीव झा**

**मधेसी मानवअधिकार संरक्षण केन्द्र**
**काठमाडौं, सिनामंगल**
**ई-मेलः** jharajib99@yahoo.com

# जेलबाट मेरो भन्नु .....

यहाँ डिल्लीबजार जेलमा भेटहुँदा राजीव झा ले मेरो जेलपरेको कारणबारे केही लेखी दिन आग्रह गर्नु भयो । म किन जेल परे ? यसबारे सबैलाई जानकारी होस् भन्ने हेतूले उहाँले यो आग्रह गर्नुभएको हुनु पर्दछ ।

मेरो यस प्रसङ्गको दूईवटा पक्षहरु छन् । पहिलो पक्ष, राजा ज्ञानेन्द्रको शाहीसत्ता कालसँग सम्बन्धित छ । र, दोस्रो अहिले मेरो बिरुद्ध फैसला हुँदाको अवस्थासँग । राजा ज्ञानेन्द्रले सत्ताकब्जा गर्दाको बखत अनेकन उपक्रमहरु रचे । तत्कालिन अवस्थामा प्रायसः सबै पार्टीहरुमा फूटको सिर्जना गर्नु, माओवादी जनयुद्धलाई बढावादिई सरकारहरुसँग वार्ता हुननदिनु, संसदका निर्णयहरुलाई असंवैधानिक देखाउनु, सरकारहरुलाई अस्थीर पार्दैलानु, न्यायालयका कमी कमजोरीलाई प्रयोग गरी दरबारपरस्त बनाउनु, जनसरकार नियन्त्रित प्रहरी - सुरक्षाबललाई कमजोर नै राखी सेनालाई बिस्तार गर्दै आफूखुशी प्रयोग गर्नु, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र निर्वाचन आयोगहरुलाई निहीत प्रयोजनका लागी उपयोग गर्नु, केही निश्चित राजनीतिक व्यक्तित्वहरुका उपर भूठो तथा अतिरञ्जित भ्रष्टाचारको आरोप लगाउनु आदि दरबारद्वारा सिर्जित उपक्रमहरु थिए । यी सबैको उद्देश्यनै तत्कालिन संसदीय व्यवस्थालाई बदनाम गराई अन्ततः सत्ताको बागडोर आफ्नो हातमा लिनु नै थियो । आज आएर यी सबै कुराहरु विभिन्न घटनाक्रम र तथ्यद्वारा प्रमाणित भैसकेको छ । यही उपक्रम अन्तरगत तत्कालिन परिवेशमा मउपर समेत भ्रष्टाचारको मुद्दा चलाइएको हो । मउपर भ्रष्टाचारको लामो छानबिन हुनु र अन्ततः सम्पत्तिको स्रोत सम्बन्धी मुद्दा चलाउनुको अभिप्रायः नै त्यतिखेर राजनीतिक व्यक्तिहरुलाई तारो बनाई संसदीय व्यवस्थाको बिरुद्ध जनमत बनाउनु थियो । राजाले यो काम पुरा गरे ।

तर, अहिले मुलुकमा राजतन्त्र समाप्त भैसकेको अवस्थामा मैले विशेष अदालतबाट सफाई पाइसकेको मुद्दालाई सर्वोच्च अदालतले फैसला उल्टी गरिनुको अभिप्रायः राजनीतिक प्रेरित नै हो । यसमा कुनै दुईमत छैन कि, न्याय सम्पादनको क्रममा सर्वोच्च अदालतको फैसला अन्तिम मानिन्छ । यसरी अन्तिम फैसला गर्ने निकायले गरेको फैसला न्यायिक नै हुन्छ - जरुरी छैन । पंचायतकालमा र पछि माओवादी जनयुद्धका क्रममा पनि धेरै राजनीतिक व्यक्तित्वका बिरुद्ध यसरी नै अदालतले कैयौं मुद्दामा अन्तिम फैसला गरिसकेको तथ्य छ । ती सबै निर्णयहरु न्यायिक थिएनन् । मेरो बिरुद्धको यो निर्णय पनि त्यस्तै हो ।

एक प्रजातन्त्रवादीको नाताले मलाई दण्डित गर्न गरिएको फैसलालाई मैले मानेको मात्र हुँ । यसर्थ, म जेलमा छु । तर, यस फैसलाबाट मलाई न्याय गरिएको छैन । राजनीतिक कारणले नै मलाई न्याय नगरिएको हो । यसो गरिनुको मुख्य मनशाय नै मलाई राज्य पुनर्संरचनाको यस घडीमा राजनीतिको मूलधारबाट बाहिर राख्न खोज्नु हो । यस कार्यमा मुलुकको पूरै न्याय प्रणालीको मप्रति एउटै मत रहेको कदापि पनि होइन, तर जसको निर्देशनमा गरिएपनि मेरो फैसला उल्टी गर्ने न्यायाधिशहरु भने न्यायिक मनका न्यायमूर्ति होइनन् । उहाँहरुबाट 'स्थापित र विद्यमान राज्यव्यवस्थालाई' टेवा दिने तथा मलजल दिने काम नै भएको छ । जुन न्यायाधिशहरुले यो फैसला गर्नु भएको हो, उहाँहरुको मनशाय र फैसलाको प्रकृतिका बारेमा भविष्यमा विवेचना हुने नै छ, तर यस फैसलाको अन्तरनिहित मनशाय भने मेरो राजनीतिक सक्रियतालाई, राष्ट्रिय राजनीतिमा मेरो भूमिकालाई समाप्त पार्न खोजेको हो - यो स्पष्ट छ । तसर्थ म सजायँ भोग्छु - तर अदालतको नाममा गरिएको यस अन्यायलाई मान्दिन । नेपालको सन्दर्भमा विद्यमान न्यायप्रणाली र अदालतहरु मुलुकका 'स्थायी सत्ता' का अंगहरु हुन् । सेना, प्रशासन, संवैधानिक आयोगहरु र मुख्य कहलिएका राजनीतिक दलहरुका झैं । स्थायी सत्ताको परम कर्तव्य हुन्छ - समान वर्गीय एवं

जातीय स्वार्थहरुको संरक्षण गर्नु । आज देखिएका विभिन्न निर्णय तथा आदेश, परमादेशको नाममा यही कार्य गरिंदैछ । जबकि, मैले उठाएको संघर्ष - यो 'स्थायी सत्ता', जो आजपर्यन्त राज्यको एकात्मक संरचनाको पृष्ठपोषण मात्र गरिआएको छ - त्यसलाई समाप्त पार्ने उद्देश्यबाट सुरु गरिएको हो । तसर्थ मेरो संघर्षलाई यस फैसलाले रोक्न सक्दैन - यो जारी रहन्छ नै । यस सम्बन्धी मेरा दृष्टि र दृष्टिकोणका बारेमा छुट्टै चर्चा गरौंला ।

राजीव जी ले यस प्रकाशनमा समाविष्ट गरिने विषयबस्तुका बारेमा मलाई संक्षिप्त जानकारी गराउनु भएको हो । मेरो विचारले, यी सब सामाग्रीहरुको अध्ययनबाट जोसुकैलाई पनि मेरो मुद्दाको पृष्ठभूमि र जुन षड्यन्त्रका आधारमा मलाई जेल पठाइएको हो, त्यस प्रपञ्चको यथेष्ट जानकारी हुने नै छ । यस सन्दर्भमा यहाँ मेरो संक्षिप्त मन्तव्यको क्रममा धेरै कुराहरु लेखीरहनु आवश्यक छैन । मैले भन्ने कुराहरु र अब मैले गर्ने कार्यहरु, - म जेलबाट बाहिरिए पछि नै गरौला ।

अन्त्यमा, अस्ति प्रसिद्ध पत्रकार श्री राजेश्वर नेपालीजी मलाई भेट्न जेलमा आउनु भएको थियो । मेरो राजनीतिक ध्येय र हाल मैले भोग्न परेको परिस्थितिलाई मनन् गरी यहाँ जेलमा मैले तत्कालका लागी गर्ने कामको बारेमा उहाँले भन्नु भयो :

**हारिए न हिम्मत**
**बिसारिए न हरि नाम**
**जाहे बिधी राखे राम**
**ताहे बिधी रहिए !!**

डिल्लीबजार जेल
२०६९, जेठ

**जयप्रकाश प्रसाद गुप्ता**
अध्यक्ष
मधेसी जनअधिकार फोरम (गणतान्त्रिक)

# सम्पादकको भन्नु .....

यस पुस्तिकामा समाविष्ट सामाग्रीले नै स्पष्ट पार्दछ कि, राज्यले जयप्रकाश प्रसाद गुप्तालाई घोर पूर्वाग्रहकासाथ मुद्दामा फसाएर जेल पठाएको हो । कतिपयको भनाई हुन्छ, जे भएपनि आखिर अदालतले सजायँ त दियो ! भ्रष्टाचारी त ठहर गऱ्यो ! यसरी गलत भएको देख्दा-देख्दै, तर फैसला भएपछि ठीकै भएको मान्ने न्याय प्रणालीलाई अझ स्थापित गर्ने हो भने, आजका प्रायसः सबै समकालिन नेताहरु हत्यारा, डाँका, लूट गर्ने र राष्ट्रघाती, अराष्ट्रिय तत्व मानिनु पर्ने हुन्छ । किनभने यी सबैलाई कुनै न कुनै समय राज्यले यस्तै आरोपित गरेको थियो र धेरै राज्यका अन्यायी अदालतबाट दण्डित पनि भएका थिए । तर अदालतले भने बमोजिम नै भएन, हुन दिइएन र हुनुपनि हुँदैन । के जयप्रकाश प्रसाद गुप्ताको प्रसङ्ग समग्रतामा यी भन्दा भिन्न हुन् र ? तर पनि उनी जेल गए । तसर्थ यस सन्दर्भको सत्य तथ्य सबैले थाहा पाउनु पर्दछ । यसै प्रयोजनका लागि नै 'मधेसी मानव अधिकार संरक्षण केन्द्र' को आग्रहमा मैले केही उपयुक्त तथा सान्दर्भिक सामाग्रीहरुका साथ 'जेपी किन जेल परे ?' सम्पादन गरेको हुँ । अब यो तपाईहरुको हातमा छ । यस कार्यमा उल्लेखनीय सहयोग गर्नु भएकोमा जयप्रकाश प्रसाद गुप्ताका मित्र पत्रकार सीताराम बरालजीका प्रति विशेष धन्यवाद प्रकट गर्न चाहन्छु ।

**राजीव झा**

फोन : ९८४९९४७७७५

इमेलः jharajib99@yahoo.com

# राष्ट्रपति र गुप्ता बीचका बैचारिक द्वन्द

**"सूचना तथा संचार मंत्रीको हालैको वक्तव्यप्रति मेरो ध्यानाकर्षण भएको छ । एकजना बहालवाला मंत्रीले राष्ट्रिय एकता र अखण्डताको विरोधमा बोल्नु हुँदैन । विगतका दिनहरुमा जिम्मेवार निकायबाट राष्ट्रिय अखण्डताको विरोधमा यसरी विचारहरु आउनु गम्भीर कुरा हुन् । यसबारे म प्रधानमंत्रीको र पार्टीका नेताहरुको ध्यानाकर्षण गराउन चाहन्छु ।"**

राष्ट्रपति डा. रामवरण यादव
(प्रधानमंत्री डा. बाबुराम भट्टराईसँग भेटमा)

**"राष्ट्रपति महोदय, अन्तरिम संविधानको उद्देश्य जसरी भएपनि एकथान संविधान दिनु मात्र होइन । मुलुकलाई नयाँ राज्यव्यवस्थामा रुपान्तरित गराउनु हो । यस निम्ति अन्तरिम संविधानमा 'राष्ट्रिय एकता र अखण्डता' जस्ता एकाध शब्दहरु मात्र राखिएको छैन, अपितू संघीयता, स्वायत्त मधेस, समानुपातिक, समावेशीकरण, सीमान्तकृत, बहिस्कृत जस्ता अनेकन रुपान्तरणकारी र गम्भीर भावार्थयुक्त शब्दावली-पदावलीहरु संविधानमा छन् । ...... नयाँ संविधान निर्माणको सन्दर्भमा यी शब्दावलीहरुको प्रयोग भैरहेको वा यसलाई ओझेलमा पारिएको - यसबारे सजगताको सम्प्रेषण गराउनु पर्नेपनि राष्ट्रपतिपदको दायित्व भएको तथ्यप्रति ध्यानाकर्षण गराउन चाहन्छु ।"**

सूचना तथा संचारमंत्री जयप्रकाश प्रसाद गुप्ता
(राष्ट्रपतिलाई प्रत्युत्तर ज्ञापनपत्र दिंदैं)

नेपालको राजनीतिमा उपर्युक्त उल्लेखित प्रसंग धेरै कालसम्म स्मरणीय रहनेछन् । यो पनि भनिन्छ कि, नेपाल सरकारको मंत्रीपदमा रहेरै पनि जयप्रकाश प्रसाद गुप्ताले जुन दुस्साहसिकता देखाउनु भयो - त्यसैको परिणाम पनि हो उनको जेलयात्रा । आउने संविधानमा मधेसका आधारभूत सवालहरुको सम्बोधन नगरिएमा काठमाडौंको मधेससँगको सम्बन्ध टुट्न सक्छ भन्ने मन्तव्य दिएर जयप्रकाश प्रसाद गुप्ताले मधेस समस्याको गम्भीरतालाई बडो सहासका साथ जनसमक्ष राख्नुभयो । यसबाट काठमाडौंको स्थापित राज्यसत्ता तरंगित नै हुनगयो र गुप्ताको विरोधमा मोर्चाबन्दी कायम भयो । मधेसका लागि सधैं 'मोलतोल' को कार्यनीति अपनाई आएका कतिपय मधेसी नेताहरु देखि आफूलाई 'राष्ट्रिय' कहलिने राजनीतिक पार्टीहरुले यस सवाललाई 'अस्तित्व रक्षा' को विषय बनाएर उर्ले - गुप्ताका विरोधमा । यस विषयमा तत्कालिन सूचना तथा संचारमंत्री जयप्रकाश प्रसाद गुप्ताले एक प्रतिनिधी मण्डलका साथ राष्ट्रपति डा. रामवरण यादवलाई भेटी ज्ञापनपत्र बुझाउनु भयो । यस ज्ञापनपत्रको मुलुकभर बडो गम्भीरताका साथ चर्चा भयो । राष्ट्रपतिलाई जवाफको रुपमा होइन, नयाँ संविधान निर्माणको सन्दर्भमा मुलुकको मुख्य कार्यभार राज्यको रुपान्तरण नै हो - यस सवालमा गुप्ताको ज्ञापनपत्रले कैयौं महत्वपूर्ण सवालहरुलाई उद्घाटित समेत गऱ्यो । यो एक ऐतिहासिक दस्तावेज हुन गएको छ । यहाँ यसलाई यथारुप प्रस्तुत गरिएको  छ : (सम्पादक)

महामहिम राष्ट्रपति महोदय,
राष्ट्रपतिको कार्यालय,
शितल निवास ।

**विषय :- मधेसको मुद्दा बहिष्करण बारे ।**

सम्माननीय ज्यू, यहाँ प्रतिको मेरो व्यक्तिगत सम्मानलाई यथारुपमा राख्दै मधेसी जनअधिकार फोरम ( गणतान्त्रिक) को अध्यक्षको हैसियतमा निम्न बिषयमा ध्यानाकर्षण गराउन चाहन्छु ।

१. गणतन्त्र नेपालको पहिलो निर्वाचित राष्ट्रपतिको रुपमा यहाँलाई अवगत नै हुनुपर्दछ कि, वि.सं. २०६३ सालमा मधेसी जनताको परिवर्तित राजनीतिक आकांक्षा अनुकूल मुलुकको अन्तरिम संविधान नआउँदा विरोध स्वरुप त्यसको प्रतिहरुलाई जलाएर प्रथम मधेस आन्दोलनको शुरुवात भएको हो । आज हामी सबैले गर्व गर्ने "गणतन्त्रको स्थापना" र "संघीयता" त्यही मधेस आन्दोलनका देन हुन् ।

२. तत्कालिन अवस्थामा नेपाली काँग्रेस, ने.क.पा. (एमाले) र माओवादी सम्मिलित सात दलको संयुक्त सरकारले पुनः मधेसका सवालहरुलाई नियतवश उपेक्षा गर्न थालेपछि हाम्रै संस्थागत नेतृत्वमा दोस्रो मधेस आन्दोलनको थालनी भयो । कठोर र दमनकारी हुँदै गएको एकात्मवादी राज्यशासनले हाम्रा आन्दोलनलाई बेवास्ता गरेपछि हामीले 'गर वा मर' को प्रतिवद्धता अनुरुप संविधानसभाको घोषित निर्वाचनमा अवरोध खडा गऱ्यौ । मधेसका २० जिल्लामा एकात्मवादी सत्ताका नवपृष्ठपोषक पार्टीहरुले अपवाद वाहेक उम्मेदवारीसम्म दर्ता गराउन नसकेको तथ्य हाम्रो निम्ति भने चिरन्तरकालका लागि प्रेरणादायी, शक्तिबर्द्धक एवं मार्गदर्शक रहनेछ । यही पृष्ठभूमिमा संयुक्त-लोकतान्त्रिक मधेसी मोर्चा र तत्कालिन संयुक्त सरकारका बीच आठ सूत्रीय संझौता भयो ।

३. सम्माननीय महोदय, तथ्य जति नै तीतो भएपनि यो एक यथार्थ हो कि, आजको सत्तासीन माओवादी पार्टीले मधेसलाई ढाड भनी टाउको चित्रित काठमाडौंलाई हान्न खोजेकै हो । "ढाडमा टेकी टाउकोमा हान्ने" माओवादीको बहुउल्लेखित रणनीति थियो नै । यही माओवादी पार्टी सात सूत्रीय संझौताबाट आज आएर शासनको भागीदार भएको हो । जंगलमै रहेको वेला काठमाडौंको सत्तालाई स्वीकारेको होइन । भर्खरकै फागुन १ गते स्वयं प्रधानमंत्री बाबुराम भट्टराईले सार्वजनिक रुपमा भन्नु भएको छ : "युग परिवर्तन हुँदै काठमाडौं आई पुग्यौं । लडाईको मोर्चा काठमाडौंमा लड्दैछौं ।"

धेरैलाई अग्राह्य लाग्ने अर्को यथार्थ हो, हामी मधेसीपक्ष सिंहदरवारमा आरुढ सत्तालाई परित्याग गरी आन्दोलनका लागि मधेस फर्केकै हौं । "कट दी लाइफ लाइन" अर्थात् काठमाडौं पुग्ने जीवनधारलाई अवरुद्ध पारौं ! आन्दोलनको यो कार्य नीति अनुसार नै काठमाडौंको नवसत्ताको विरोधमा विजय हासिल गरेकै हौं । मैले माथि उल्लेख गरेको फागुण १६ गतेको आठ सूत्रीय त्यो सम्झौता नै मधेस र राजा ज्ञानेन्द्र पछिको नव राज्यसत्ता बीचको 'अनुबन्ध' हो, जसको कारणले हामी यदाकदा सत्तामा सहभागी हुँदै गरेका हौं । काठमाडौं फर्केका हौं ।

४. उपर्युक्त ऐतिहासिक तथ्यलाई बुझेपछि थाहा पाउन सकिन्छ कि, जत्ति नै चिरामा विभक्त भएपनि, तत्काल कमजोर देखिएपनि मधेसीपक्ष र यसका आधारभूत माँग एवं सवालहरु माओवादी, काँग्रेस र एमाले जस्ता पार्टीहरु भन्दा सर्वथा भिन्न छन् । अखण्ड नेपालका बिभिन्न राष्ट्रिय समुदायहरु मध्ये 'मधेसी समुदाय' एक अलग पहिचानको समुदाय नै हुन् । मधेसीपक्ष वर्तमान अन्तरिम राजनीतिमा, संविधान सभामा र सरकारमा

आफ्ना सवालहरुलाई धुलिकरण गराउन आएका हैनन् । राज्यको रुपान्तरणका लागि नै बनेको संविधानसभा मार्फत् बन्ने नेपालको नयाँ संविधानमा १) मधेसी पहिचानको मान्यता, २) संघीय शासन प्रणाली र स्वायत्त मधेस प्रदेशको स्थापना, ३) समान जनसंख्यामा आधारित निर्वाचन क्षेत्र र प्रतिनिधित्व प्रणाली, ४) मधेसका भाषाहरुलाई सरकारी कामकाजको भाषामा मान्यता, र ५) राज्यका सबै निकाय तथा अंगमा जनसंख्याको समानुपातिक प्रतिनिधित्व - यी बिषयहरुलाई आधारभूत बिषय मानेर यसको प्राप्तिका लागि अहिलेको राजनीतिक प्रकृयामा सरिक भईएको हो ।

मधेस विद्रोह छुट्टै कुनै मुलुक खडा गर्न भएको होइन । तर यथास्थितिको राज्य व्यवस्थालाई यथारुप मान्न, यसको अगाडि समर्पण गर्न पक्कै भएको होइन ।

हामी यसमा जोड दिन चाहन्छौ कि, फागुण १६ गतेको आठ सूत्रीय सम्झौता आजको अन्तरिम प्रणालीमा सरिक हुन - मधेसीको लागी सेतू हो । र, तत्कालिन सातदलको सरकारको मधेससँग सम्वाद कायम हुनुको आधार पनि हो । अन्यथा, संविधानसभाको निर्वाचन थोपर्दा पनि राज्यले सम्पन्न गर्न नसकेको यथार्थमा निर्वाचन हुनपनि सक्दैनथ्यो । मुलुक अझ द्वन्दग्रस्त हुने थियो । यसरी मुलुकलाई जटिल द्वन्दबाट निकालेको मधेसीपक्ष आज एकात्मवादी सत्ताका नव-पृष्ठपोषकहरुबाट बारम्वार अपमानित, तिरस्कृत, बहिस्कृत, सीमान्तकृत एवं लाञ्छित गराईदै छ ।

५. महामहिम, गंभीर षडन्त्रको पूर्वाभाषका कारणले नै हामीले संविधानमा व्यवस्था रहेका तर असान्दर्भिक भै सकेका “राज्य पुनर्संरचना आयोग” मानेका थिएनौं । हामी उपर बलात् थोपरिएको यस आयोगको प्रतिवेदनमा सर्वमान्य “स्वायत्त मधेस प्रदेश” लाई अस्वीकार गरिएको छ । मधेसीको पहिलो आधारभूत मान्यता : पहिचानको मान्यतालाई अस्वीकार गरिएको छ ।

अहिलेको प्रस्तावित संघीयता लागू भएमा - यो संसार कै कमजोर संघीयता हुनेछ । जहाँ प्रादेशिक स्वायत्तता सन्तोषका एक शब्दिक बिषय मात्र हुनेछन् ।

संविधानसभामा हाल प्रस्तावित निर्वाचन क्षेत्रको व्यवस्था मधेसको प्रतिनिधित्व सम्बन्धी अधिकारको हरण वाहेक केही हुने छैन । राष्ट्रिय विधायिकामा मधेसको प्रतिनिधित्व लगभग न्यून नै हुनेछन् । नयाँ संविधानका बिषयबस्तुमा राष्ट्रिय भाषाहरुको मान्यता बारे कुनै प्रत्याभूति छैन । मधेसी लगायतका राष्ट्रिय समुदायहरुको भाषिक मान्यताको लामो संघर्ष काकाकूलमा परिणत गराईएको छ ।

राज्यका हरेक निकाय र अंगहरुमा जनसंख्याको समानुपातिक प्रतिनिधित्व नयाँ बन्ने संविधानको निर्देशक सिद्धान्तको किंकर्तव्यबिमूढ दफा र धारा भन्दा उक्लिने स्थिति छैन ।

राष्ट्रपति महोदय, राष्ट्रपतिको पद संविधानका अक्षरहरुको संरक्षक मात्र होइन । संविधानका अक्षर भन्दापनि भावनाको संरक्षक हो । राणा प्रधानमंत्री पद्म शमशेरदेखि राजा ज्ञानेन्द्रका पालासम्मका सबै संविधानहरु शाब्दिक अर्थमा 'लोककल्याणकारी' नै कहलिन्थ्यो, तर त्यसका “लोक कल्याणकारी” र “जनभावना अनुकूल” को भन्ने संविधान भित्रका शब्दाबलीको भावनाले कहिल्यै जीवन पाएन । यहाँ स्वयं संरक्षक रहनु भएका अन्तरिम संविधानको व्यवस्था र तत्अनुरुपको भावनाको संरक्षक बन्नु यहाँको एक मुख्य दायित्व पनि हो । तर संविधानमा उल्लेखित राज्यको रुपान्तरणका आशय र भावनाको संरक्षक समेत बन्न यहाँ प्रति मधेसी मात्र

होइन, सबै आदिवासी जनजाति, दलित, पिछडिएका क्षेत्र र समुदाय तथा वर्ग - सबैले अपेक्षा राखेका छन् ।

हामी सबैको यो स्मृति मरेको छैन : राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र विभिन्न प्रधानमन्त्रीहरुको निर्वाचन खास मधेसी पार्टीहरुको सहभागिता बेगर लज्जाजनक रुपमा अनिर्णित रहेको थियो । मुख्य राजनीतिक पार्टीहरुको बेठ-बेगारी गरेझै मधेसी पार्टीहरुले राजनीतिक गतिरोध समाप्त पारेर मुलुकलाई अगाडि बढाए । तर काँग्रेसको, एमालेको हित सम्बर्द्धनमा सधैं लम्पसार रहेका मधेसी पार्टीहरु पहिलो पटक आफ्नो एजेण्डामा, आफ्नो उल्लेख्य सहभागितामा गैर काँग्रेस, गैर एमाले सरकारको निर्माण गर्दा “राष्ट्रघाती” को वेदनामय आरोप खप्नु पर्‍यो । हालै एमाले पार्टीका अध्यक्षको सार्वजनिक गरिएको एक राजनीतिक प्रस्तावमा मधेस केन्द्रीत पार्टीहरुलाई “बिखण्डनवादी” भनी घृणित आरोप लगाईएको छ । राष्ट्रपति महोदयले बारम्बार जातीय, क्षेत्रीय सद्भाव कायम राख्नु पर्ने सुझाव दिनु हुँदा - यसबाट कहिल्यै ती पार्टीहरु लाभान्वित हुने मौका पाए कि पाएनन् - अपमानित मधेसीहरु सोध्ने गर्दछन् ।

अरुहरुले झैं शान्ति प्रकृयाको अन्तिम टुंगो हुनुलाई हामीहरुले पनि संविधान निर्माणका पूर्वाधार मानेका थियौं । शान्ति प्रकृयाको सफल कार्यान्वयनका लागि हामी इमान्दार सहजकर्ताको रुपमा कामगर्दै आयौं । तर संविधानका हालसम्म निर्धारित एवं प्रस्तावित बिषयमा भने हाम्रा सबै माँगहरुलाई ओझेलमा पारिएको छ । एकथरीले “लोकतान्त्रिक संविधान” को नाममा वि.सं. २०४७ को संविधानको नयाँ टाइप गरिएको कपीमा सही छाप गराउन उद्यत् छन् भने, अर्को थरी झिनो आशाको रुपमा प्रस्तुत गरेको संघीयताको नाममा भावनात्मक चालबाजीमा पार्न चाहेका छन् । आफ्ना अवधारणाहरुलाई पास गराउन दुई तिहाई चाहिने ६०१ जनाको संविधान सभामा अल्पमतको मधेसी अवस्था र संवैधानिक समितिको यस्तै स्थितिमा, यदि राज्यका नव एकात्मवादका पृष्ठपोषकहरु असहिष्णु र विवेकहीन नै भैरहेमा मधेसीको मात्र होइन, अरु सबै अल्पसंख्यकहरुको स्थिति के हुन्छ ?

६. राष्ट्रपति महोदय, संविधानसभा वा संसदको सफलता यसका नियमावली वा विनियमावलीहरु अथवा कार्यप्रणाली र लिखितम्का पद्धतिहरु अनुसार सभाको संचालन वा प्रस्तावहरु पारित गर्नुमा हुदैन । औपनिवेशिक कालखण्ड पछिका कथित सबै प्रजातान्त्रिक राष्ट्रका संसदहरुले राष्ट्रिय एकता, ऐक्यवद्धता र अखण्डताका दामी प्रस्तावहरु पारित गरिएको मसी सुक्न नपाउँदै नवराष्ट्रहरुको जन्म भै रह्यो । शीतयुद्धपछि यस्तै संसदीय अभ्यास गर्दागर्दै दमनकारी राष्ट्रहरुको गर्भबाट नवराष्ट्रहरु जन्मेका अनेकन् उदाहरणहरु छन् । यसमा कुन पक्ष दोषी ठहरिन्छ - संसारभर यसका निष्कर्षहरु प्रकाशित- प्रसारित छन् । आजको हाम्रो संविधानसभा - व्यवस्थापिका संसदमा प्रतिनिधित्व गरिरहनु भएका मध्ये राणाशासन र पंचायती व्यवस्थाका पूर्व अनुयायीहरु बाहेक प्रायसः सबै “दमनका विरुद्ध बिद्रोहका अधिकार सुरक्षित हुन्छ” भन्ने- मान्नेहरु नै हुनुहुन्छ । के यस बिषयको अक्षर ज्ञान आजको मधेसलाई नै नहुनु पर्ने ?

संविधानसभा- व्यवस्थापिका संसदमा सत्तारुढ दलका नेता रहनु भएका पुष्पकमल दहाल 'प्रचण्ड' ले यही फागुन १ गते राजधानीको खुला मंचमा भन्नु भयो : “हामी शांति र संविधानको निम्ति गंभीर ढंगले लागेका छौं । तर प्रतिक्रांतिकारी र प्रतिगामीले सोचे जस्तो ०४७ सालको संविधानको कुरा आयो भने मैले आज तपाईहरुको अगाडि पार्टीको तर्फबाट भन्नै पर्छ, तपाईहरु विद्रोहको निम्ति तयार रहनुस्, बिद्रोहको बिकल्प हुने छैन ।”

राष्ट्रपति महोदय, आफ्नो जीवनको झण्डै अन्त्यतिर वी.पी. कोइरालाले भन्नु भएको थियो :"नेपाल राष्ट्र होइन, प्रशासनिक इकाई हो ।" किन भन्नु भयो ? यसको सार के थियो ? "जनताको भावनात्मक एकता कायम गर्न नसकेको मुलुक राष्ट्र हुँदैन ।" भन्ने वी.पी. को मनशाय अनुसार यदि नेपाल वि.सं. २०४७ देखि वि.सं. २०६३ सम्म राष्ट्र भै सकेको थियो भने राज्यको संरचनागत परिवर्तन गर्ने स्पष्ट मनशायका साथ माओवादीसँगको शान्ति सम्झौता किन ? तत्कालिन प्रतिनिधि सभाको घोषणा किन ? गणतन्त्र र राष्ट्रपति किन ? नयाँ रुपमा संविधान-सभा र अध्यक्ष किन ? नयाँ नेपालको संविधान भन्ने वाक्यांशको बारम्वार प्रयोग किन ?

७. मधेसका माँगहरु सम्बोधन गर्न नसकिए- मधेस विद्रोहमा जान्छ भन्दा मेरो आलोचनामा नाभीको शक्ति लगाउनेहरुले यस तथ्यको हेक्का राख्नु पर्दछ । माओवादी, नेपाली कांग्रेस, एमाले तथा अन्य सबैले आ-आफ्ना पूर्व आन्दोलनहरु एवं बलिदानको सारलाई बिर्सन हुँदैन ।

राष्ट्रपति महोदय, कसैले मेरा कुराको भाव नबुझी फरक र भिन्न अर्थमा लेखेको बाहेक, अखवारहरु आफ्नो बिशेषाधिकारको शीर्षक राख्नुको वाहेक यथार्थमा मेरा कुराहरु के हुन् ?

मैले भनेको थिएँ - "मधेस आन्दोलनपछि पनि राज्यका विभिन्न निकायहरु र प्रमुख दलहरु मधेसी मुद्दा प्रति उदासिन रहेका छन् । राज्यका सबै निकायहरु मधेस विरोधी देखिएका छन् । यसले मधेस र सत्ता (Regime) को सम्बन्ध टाढिएको छ ।"

"न्यायालय, मानवअधिकार आयोग, निर्वाचन आयोग, लोकसेवा आयोग जस्ता निकायहरु मधेस विरोधी देखिदैछन् । मधेसी जनतामा राज्यका सबै निकाय प्रति आक्रोश छ । सरकारसँग पटक-पटक भएका संझौताले मधेसको आशा बढेको थियो तर, कार्यान्वयन नहुँदा स्थापित सत्ता (Regime) र मधेसको दुरी बढेको छ । मधेसी जनता राज्यबाट हेपिएको, टाढा भएको अनुभव गर्दै उग्र आन्दोलनको मानसिकतामा छन् ।"

"मधेसीसँग भएका सम्झौताको आशा र भरोसाका कारणले मात्रै हामी संसद र सरकारमा छौं । माओवादी गठबन्धनको सरकारले पनि मधेसको मुद्दालाई गंम्भीरतासाथ हेरेको छैन । मधेसी मोर्चाका पाँचै अध्यक्ष र ८३ सभासद् मध्ये अपवाद स्वरुप २/३ जनाले मात्रै मतदाता नामावलीमा नाम लेखाएका छन् । लाखौं मधेसीहरु मधेसी मोर्चाको आह्वानमा मतदाता नामावलीमा नाम लेखाएनन् । नागरिकताको अनिवार्यता र यस सम्बन्धी अदालतको फैसलाको विरोधमा यसो गरिएको हो । के यी सबै नेता र मधेसी जनता पछिको निर्वाचन प्रकृयाबाट बाहिर रहने भए ? यो मतदाता नामावली हामीलाई मान्य हुँदैन !"

"मधेसमा राज्यले चरम मानव अधिकारको उलंघन गरेको छ । मानव अधिकार आयोगले कुनै सुनुवाई गरेको छैन । अन्तरिम संविधानको मूल भावना विपरित न्यायालयले मधेसका बिषयमा सरकारको निर्णय उल्टाएर पूर्वाग्रही भएको छ । "

"मधेसको पहिचान समाप्त पारेर आएको राज्य पुनर्संरचना आयोगको प्रतिवेदन कुनै हालतमा मान्य हुनेछैन । संविधानको अन्तिम मस्यौदा हेरेर निर्णायक आन्दोलन निम्ति मधेस तयार छ । अबको तीन महिनामा तस्वीर प्रष्ट भएपछि मधेसको स्थिति ठूला दलले सोचेको भन्दा भिन्न हुनेछन । मधेस हिंस्रक आन्दोलनको मनस्थितिमा

रहेको छ । मधेसी जनतामा बिद्रोहको मानसिकता रहेको छ । यस्तै अवस्था रही रहेमा मधेस र काठमाडौंको सम्बन्ध टुट्न सक्दछ । मधेस आफ्ना मागहरुका पूर्तिका निम्ति निर्णायक विद्रोहमा जानेछन् ।”

राष्ट्रपति महोदय, सबैले सुन्ने गरी, बुझ्ने गरी मैले भनेका कुराहरु निश्चय नै यिनै हुन् । जुन विभिन्न पत्रपत्रिकाहरुमा छापिएका छन् ।

८. मुलुकको एक अभिन्न भागको रुपमा रहेको मधेसको अवस्था र मधेस प्रति बहुधा राज्य चलाउनेहरुको नियतको चर्चा गर्दै भनिएका उपर्युक्त कुराहरुमा कुन देशद्रोहको उद्यम लुकेको छ ? राष्ट्रघात, देशद्रोही, अलगाववादी र विखण्डणवादी जस्ता अत्यन्त गंभीर आरोपहरु विगतका केही समयदेखि मधेसी समुदायलाई लक्षित गरी बारम्बार भनिंदै गरिएको छ । संविधानसभामा, सिंहदरवारमा, वालुवाटारमा, सुरक्षा निकायका मुख्यालयहरुमा - हामीलाई देख्नासाथ भनिने गरिएको यस्ता विवेकहीन सम्बोधनहरु बारे, र यसले मधेसी समुदायको हृद्‌यमा, मस्तिष्कमा पार्ने चिराका बारेमा कोसँगको शिष्टाचार भेटमा कसले, कसलाई सचेत गराउने ? शीतल निवास, सिंहदरवार, बालुवाटारबाट टाढा रहेका, सोचेर नै अहिले केही कालका लागि मौन बसेका मधेसी विचारमग्न छन् - सम्माननीय महोदय !

अन्त्यमा, राष्ट्रपति महोदय ! यहाँ उल्लेख गरिएका संक्षिप्त बिषयहरु अखबारमा छापिने 'फिचर' सामाग्री होइन् । यी बहिष्कृत तथा सीमान्तकृत मधेसीहरुको वर्तमानका अवस्था हुन् । संक्रमणकालिन राज्यव्यवस्थामा कोही पदमा रहँदा यी तथ्यहरुलाई अनदेखा गर्ने र पदमा नरहदा अभिव्यक्ति दिने कुरा राजनीतिक व्यक्तिका लागि बेइमानी मात्र हुनेछ । हामी यसको विद्यमानता एवं निरन्तरता किमार्थ पनि स्वीकार गर्न सक्दैनौं ।

व्यक्तिगत रुपमा मलाई थाहा छ- ‘राष्ट्रपति’ अहिले विद्यमान प्रचलित अन्तरिम संविधानको संरक्षक हुनुहुन्छ । अन्तरिम संविधानका परिपालनमा यहाँको सजगता अपेक्षित नै हुन्छ । मुलुकलाई संक्रमणकालिन व्यवस्थापनका लागि मात्र व्यवहारमा रहेको - यो अन्तरिम संविधानको मुख्य ध्येय, जस्तोसुकै भएपनि एक थान नयाँ संविधानबाट अन्तरिम संविधानलाई प्रतिस्थापन गराउनु होइन । मुलुकलाई नयाँ संविधानको आधारमा नयाँ राज्य व्यवस्थामा रुपान्तरित गराउनु हो । यस निम्ति अन्तरिम संविधानमा “राष्ट्रिय एकता र अखण्डता” जस्ता एकाध शब्दहरु मात्र राखिएको छैन् अपितू संघीयता, स्वायत्त मधेस, समानुपातिक, समावेशीकरण, सीमान्तकृत, बहिष्कृत जस्ता अनेकन रुपान्तरणकारी गंभीर भावार्थयुक्त शब्दाबली, पदाबलीहरु संविधानमा छन् - राज्य संचालनको सन्दर्भमा, नयाँ संविधान निर्माणको सन्दर्भमा यी भावपूर्ण शब्दाबलीहरुको परिपालन भै रहेको वा यसलाई ओझेलमा पारिएको सबै राजनीतिक दलहरुमा यसबारे सजगता वा सचेतताको सम्प्रेषण गराउनु पर्ने उत्तिकै अपेक्षित विषय भएको तथ्य प्रति महामहिमको सविनय, सादर ध्यानाकर्षण गराउन चाहन्छौं ।

मितिः २०६८/११/०४

<u>**भवदीय**</u>
जयप्रकाश प्रसाद गुप्ता
अध्यक्ष
मधेसी जनअधिकार फोरम (गणतान्त्रिक)

(हिन्दी अनुवाद)

# जेल जाते-जाते जेपी की प्रतिक्रिया

*सुप्रीम कोर्ट द्वारा अपने विरुद्ध फैसला सुनाने के वाद जेल जाने से पहले जेपी गुप्ता द्वारा पत्रकारों के समक्ष दी गई प्रतिक्रिया:*

पहली बात मै विगत २०-२५ बर्षो से मीडिया के मित्रों के साथ रहते आ रहा हूँ । अदालत के फैसले ने परिस्थिति मे परिवर्तन लाया है । अब मै एक राजनीतिक पार्टी के नेता रुप मे अथवा राजनीतिक कार्यकर्ता के रुप में विभिन्न विषयों पर अपना मत प्रकट करते हुएँ शायद आप लोगो से कुछ समय तक नही मिल पाऊँगा ।

दुसरी बात आज मैं आप लोगो के मार्फत् प्रधानमन्त्री समक्ष अपने मन्त्री पद से त्यागपत्र देने की जानकारी कराना चाहता हूँ । इस स्थिति मे प्रधानमन्त्री को अपना इस्तिफा प्रेषित नहीं कर सकता, तसर्थ मीडिया से ही प्रधानमन्त्री को जानकारी करा रहा हूँ ।

तीसरी बात यह है कि इस फैसले को मैने एक संघर्ष के रुप मे लिया है । मै अदालती फैसले का दफा-उपदफा मे जाना नही चाहता । अदालत ने मुझे क्या जुरमाना किया, क्या सजाय दिया यह भी मै जानना नहीँ चाहता । भविष्य मे अदालत के फैसले के विषय मे कानूनवीद् मित्र लोग ही कुछ कहेंगे, करेगें ।

लेकिन मैने इस फैसले को इस तरह से ग्रहण किया है - मधेशी जनता के लिए मैने जो संघर्ष शुरु किया, मधेश आन्दोलन को विगत मे मैने जैसे आगे बढाया और आज भी बढा रहा हूँ, उसी के लिए मुझे दण्डित किया गया है । मुझे लगता है, इतिहास के एक क्रुसियल मोड में, मुझे जैसे शाहीसत्ता के समय २०५९ साल में प्रताडित करके भ्रष्टाचार का अभियोग लगाया गया था, आज देश मे लोकतन्त्र के आने के वाद भी उस भ्रष्टाचार को प्रमाणित करने का काम किया गया । यह मुझे दण्डित करना नहीं, मेरे द्वारा बढाया गया आन्दोलन को दण्डित करना है ।

मैं विश्वास के साथ कहता हूँ, मेरे द्वारा बढाया गया आन्दोलन कभी भी दण्डित नही हो सकता । मेरे एक-डेढ साल कैद मे रहने से यह आन्दोलन समाप्त होनेवाला नही है । इस मुद्दे को किसी के दबाने से नही दबाया जा सकता हैं ।

अदालत के फैसले के समय मै एक दृढ राजनीतिक व्यक्ति के रुप मे स्वयं आज अदालत मे प्रस्तुत हुआ हूँ । जेल से निकलने के बाद मैं पुनः आन्दोलन को आगे बढाउँगा । मेरी पार्टी (मधेशी जनअधिकार फोरम गणतान्त्रिक) के मित्र लोगों को, मधेशी मोर्चा के मित्र लोगों को इस फैसले के आधार पर मधेस के भावी दिन का संकट समझने के लिए आग्रह करता हूँ । मुझे इतना ही कहना है । धन्यवाद !

# जेपी की गिरफ्तारी से उपजे सवाल

मधेशी और मधेशी शक्तियों के विरुद्ध जिस तरह से काठमांडू का एक प्रभावशाली वर्ग षड्यन्त्र कर रहा है जेपी गुप्ता को मिली सजा कहीं उसी षड्यन्त्र का हिस्सा तो नहीं हैं ? यह सवाल इसलिए भी उठ रहा है कि मधेशी जनता को ना तो पुलिस प्रशासन पर और ना ही न्याय प्रणाली पर भरोसा रह गया हैं । सर्वोच्च अदालत का जेपी गुप्ता के बिरुद्ध दिया गया फैसला ऐसे समय में आया है, जब मधेश में निर्णायक लडाई की तैयारी की जा रही थी और इसमे कोई संदेह नहीं कि गुप्ता इसकी अगुवाई कर रहे थे । इस देश में अख्तियार हो या सर्वोच्च अदालत यह बात तो तय है कि मधेशी जनता या मधेशी नेता के पक्ष में कोई नहीं है । और इसी का खामियाजा गुप्ता को भी भुगताना पडा ।

मातृभाषा को लेकर सर्वोच्च अदालत द्वारा दिया गया फैसला हो या उपराष्ट्रपति के शपथ-ग्रहण को लेकर आया आदेश - सभी पूर्वाग्रह और मधेश विरोधी मानसिकता से ग्रस्त थे । उसके बादमें भी कई उदाहरण हैं । राष्ट्रिय पोशाक के संबंध में हो या फिर सेना में मधेशी जनता के सामूहिक प्रवेश की बात, हर बार सर्वोच्च अदालत के इन्हीं फैसलो की वजह से उसके द्वारा किए गए सही फैसले को भी आशंका की दृष्टि से देखा जाने लगा है । और जेपी गुप्ता के सम्बन्ध में भी ऐसा ही हुआ है ।

वैसे इस केस के कानूनी पहलू पर विचार करें तो भी कई सवाल खडे होते है । आखिरकार शाही शासन के समय जिस तरह नेताओं को प्रतिशोध की भावना में भ्रष्टाचार के झूठे मुकदमें में फंसाया गया था, आज फिर वही हो रहा है । जब गुप्ता ने भ्रष्टाचार किया तो विशेष अदालत ने क्यों उन्हे इस केस से बाईज्जत बरी कर दिया था ? फिर ऐसी क्या वजह थी कि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ने गडे हुए मुर्दो को उखाडा और चुन-चुन कर मधेशी नेताओं को अपना निशाना बनाया । यह तो सर्वविदित है कि अख्तियार भी मधेश विरोधी रवैया अपनाता रहा है । गुप्ता को इस बार मन्त्री बनने के साथ ही उन के खिलाफ अख्तियार द्वारा भ्रष्टाचार के मुकदमें को तीव्र रुप से आगे बढाने और मन्त्री पद पर रहते सजा देने के लिए काफी कसरत की गई थी ।

इस केस से जुडे अख्तियार के ही एक अधिकारी ने ६ महीने पहले ही अदालत के द्वारा सुनाए जाने वाले फैसले की जानकारी दी थी । और ठीक उसी तरह का फैसला अदालत द्वारा आने के बाद मन में शंका होना लाजिमी है । इस देश में एक ऐसा सशक्त लाँबी काम कर रही है जो कि इस देश की सभी बडी राजनीतिक पार्टियो पर अपना असर दिखा रही है । उसने पुलिस, प्रशासन, न्याय व्यवस्था, अख्तियार, नेपाली सेना, मीडिया, नागरिक समाज सब को अपने कब्जे में ले रखी है । उसी के प्रभाव से इस समय पूरा का पूरा उथल पुथल हो रहा है । और यह बार बार कहना ना होगा कि वह अदृश्य शक्ति मधेश का घोर विरोधी है ।

**जेपी गुप्ता को भ्रष्टाचार के मुद्दे पर जेल भिजवाना मधेश आन्दोलन को कमजोर करने की कडी थी । क्योंकि जिस प्रखर ढंग से जेपी गुप्ता मधेश के पक्ष मे वकालत करते है, मधेश के मुद्दों के पक्ष में वकालत करते हैं, मधेश के मुद्दों को उठाते हैं, इस समय नेतृत्व के स्तर पर दूसरा कोई भी नेता उन के जोड का नही है । मन्त्री पद पर रहते हुए मधेश के पक्ष में सरकार के फैसले की आलेचना करना, प्रधानमन्त्री तक को कटघरे मे खडा कर देना, विपक्षी पार्टीयों को करारा जबाब देना या फिर अदालती फैसले पर तीखी प्रतिक्रिया देना यह सब जेपी के ही बस की बात थी ।**

उपेन्द्र यादव से अलग होने के बाद मधेश के मुद्दे को जिस ढंग से जेपी ने उठाया, वह निश्चित ही मधेश को एक नई दिशा दे सकता था । पिछले कुछ दिनों से देश की न्यायपालिका, कार्यपालिका और विधायिका सभी के ही

मधेश विरोधी रुख अपनाने के बाद जेपी गुप्ता ने साफ कह दिया था कि यही रवैया रहा तो काठमाँडू का सम्बन्ध मधेश से टुट सकता है । गुप्ता के इस बयान के बाद मानो नेपाली राजनीति में भूचाल आ गया था । राष्ट्रपति तक ने इस पर आपत्ति जताई थी । अपने रटे रटाए अंदाज में राष्ट्रपति ने गुप्ता को राष्ट्रीयता और अखण्डता का पाठ पढाया और संविधान के दायरे में रहने की हिदायत दी तो गुप्ता ने भी इस का करारा जबाव दिया था । जेपी गुप्ता ने राष्ट्रपति को कडा पत्र लिखते हुए संविधान में राष्ट्रीयता और अखण्डता के साथ ही संघीयता, मधेश स्वायत्तता आदि के भी उल्लेख होने की याद दिलाते हुए मधेश के विरोध में बोलने वालों की ओर भी ध्यान देने की बात कही ।

जेपी गुप्ता के फैसले के बाद मधेशी नेता, मधेशी मोर्चा व अन्य नेताओं की खामोशी पर भी सवाल खडे हो रहे है । जिस तरह से शरद सिंह भण्डारी के समय मधेशी मोर्चा की खामोशी रही थी, उसी प्रकार यदि इस बार भी मधेशी मोर्चा ने अपना रुख स्पष्ट नहीं किया तो आने वाले दिनों में इस का गलत असर दूसरे नेताओं पर भी पड सकता है । क्योंकि अख्तियार की जद में जेपी अकेले मधेशी नेता नहीं है । आज यदि मधेशी नेता खामोश रहे तो अगला नम्बर हृदयेश त्रिपाठी, महेन्द्र राय यादव और राजेन्द्र महतो का भी आ सकता है । क्योंकि अख्तियार ने चुन-चुन कर मधेशी नेताओं को अपना निशाना बनाया हुआ है और सभी अख्तियार की घेराबन्दी में आ चुके है । इसलिए भ्रष्टाचार के मुद्दे पर नहीं तो कम से कम मधेश का मुद्दा जो जेपी ने शुरु किया था, उस के पक्ष में बोलना ही चाहिए । जेपी को जेल होने के बाद यहाँ के सभी मीडिया में इतनी खुशियाली कभी नहीं थी । इस फैसले के बाद ऐसा लग रहा था, जैसे मीडिया काँफी खुश हो । क्योंकि एक मधेशी मन्त्री को जेल हुआ था । कई मीडिया ने तो गुप्ता को इस कदर प्रचारित किया, जैसे श्याम सुन्दर की तरह ही वह अपहरणकारी हो । मीडिया को अच्छी तरह पता है कि जेपी के जेल जाने से मधेश मुद्दा कमजोर होगा, इसीलिए नेपाली मीडिया या मधेश विरोधी मीडिया खुशीयाली मना रही थी । लेकिन इससे सभी को सावधान रहना होगा । क्योंकि मधेशी जनता नेपाली मीडिया के झूठे व भ्रामक विश्लेषणों के झाँसे में नहीं आने वाली है । मधेशी जनता न्यायालय के भी मधेशी विरोधी व्यवहार से अच्छी तरह वाकिफ है और मीडिया की भी मधेश विरोधी चेहरे को अच्छी तरह जानती है । इस समय भले ही मधेशी जनता खामोश है लेकिन वह सही परिस्थितियों का आँकलन कर रही है और स्थिति उस समय भयानक रुप ले सकती है, जब मधेशी जनता सर्वोच्च अदालत के फैसले को मानना ही छोड दे । जेपी के जेल जाने से किसी भी मधेश विरोधी को अधिक खुश नहीं होना चाहिए । हाँ जेल जाने से कांग्रेस के साथ अपने बिताए दिन का प्रायश्चित्त अवश्य हो जाएगा लेकिन मधेश मुद्दा कमजोर नहीं हो सकता है । एक साल के बाद जब गुप्ता जेल से बाहर होंगे तो उम्मीद है उसी धार के साथ मधेश के मुद्दे को आगे बढाएंगे ।

**- पंकज दास**

राजनीतिक विश्लेषक एवं सुप्रसिद्ध पत्रकार पंकज दास का विश्लेषण 'हिमालिनी' मासिक, मार्च २०१२ से यथारूप हिन्दी मे साभार प्रकाशित हैं ।

# जेपीको राजनीति सकिएकै हो ?

सूचना तथा संचार मन्त्रीको पदमा रहेकै बेला भ्रष्टाचारको अभियोगमा जेल परेपछि नेता जयप्रकाश प्रसाद गुप्ताका बारेमा अनेक टिप्पणीहरु आए, आईरहेका छन् । कोठे गफ देखि सडकसम्म, पत्रपत्रिका देखि रेडियो, टेलिभिजन हुँदै फेसबुकसम्म चर्चा व्यापक रह्यो । कतिले सर्वोच्चको फैसलालाई संसारमा कहिल्यै कहीं नभएको फैसला झैं गरे, कतिले एउटालाई गरेर के गर्नु खै त अरुलाई जेल हालेको ? भनी प्रश्न गरे । अखबारमा आएका मध्ये "अब जेपीको राजनीति सकियो" भन्ने टिप्पणीले निकै स्थान ओगटेको देखियो । सर्वोच्चले गरेको फैसलालाई अटेर गर्नेहरुका बारेमा कहिल्यै कुनै प्रश्न नगर्नेहरुलाई अदालतले फैसला गर्नासाथ त्यसको सम्मान गर्दै आफै जेल जान अग्रसर जेपीलाई खेदिरहे, खेदिरहेकै छन् । बलेको आगो ताप्ने नेपाली समाजले जेल गएको जेपीलाई खेद्नु कुनै अनौठो र नौलो कुरा पनि होइन । **उनी विरुद्ध भ्रष्टाचारको मुद्दा राजाको प्रत्यक्ष शासनका बेला परेको थियो, लडाकु सहितको ठूलो दल बलको पार्टीका नेता भएका भए उनले राजाले कुदृष्टि राखेर आरोप लगाएको भन्दै राजतन्त्रको समाप्तिसँगै उक्त आरोप पनि सकिएको भन्ने तर्क अघि सारेर मुक्ति पाई सकेका हुने थिए ।** मान्छे मारेको अपराधमा फैसला हुँदा त जेल जानु नपर्ने नेपालको राजनीतिमा तोडफोडको दुनियाँमा अलिकति मात्रै अगाडि भएका भए जेपीको मुद्दा त्यत्तिकै छायाँमा पर्न सक्ने संभावना थियो । सर्वोच्चले फैसला गर्दैमा जेल जानै पर्छ भन्ने छैन भन्ने नजिर त राजनीतिकर्मीसँगै जोडिएका अन्य केही मुद्दाले स्थापित गरेकै छ । जेपीको मुद्दामा जे जस्ता तर्क र प्रमाणहरु अघि सारियो ; तिनलाई हेर्दा गलत भयो भन्न सकिन्न तर सोही अनुपातमा सम्पति जम्मा गर्नेहरु सबैमाथि उस्तै खालको व्यवहार किन गरिएन ? या गरिएको छैन ? भन्ने चाहिं मूल प्रश्न हो ।

जयप्रकाश प्रसाद गुप्ता अर्थात् जेपी आनन्द नेपालका थोरै चिन्तक नेता मध्येका एक हुन् । विभिन्न समयमा पटक पटक मन्त्री बनेका उनी पछिल्लो समय सर्वसाधरणले सहज पहुँच राख्न सक्ने नेताको रुपमा परिचित थिए । फेसबुक मार्फत् उनी सर्वसाधारणको जिज्ञासाको जबाफ दिई रहेका भेटिन्थे । मधेश र काठमाडौंको सम्बन्ध टुट्न सक्ने अभिव्यक्तिले पछिल्लो समयमा उनलाई "कम्युनियल" झैं देखाएको थियो । तर उक्त अभिव्यक्तिमा पहाडी समुदायलाई गाली गलौज भने थिएन । किताबसँग गहिरो सम्बन्ध भएका जेपी कांग्रेसमै रहेका भए हुन्थ्यो भनी चाहना गर्नेहरु धेरै थिए, महन्थ ठाकुरले पराई भूमिमा वार्ता गरेर फर्कनासाथ मधेशी पार्टी गठन गरेपछि त्यसमा जेपीको संलग्नता त्यति सुहाउँदो लागेको थिएन । समयक्रममा मधेशी दलहरु टुट्दै फुट्दै जाँदा जेपी आफै अध्यक्ष बनेको पार्टी खडा भएको थियो, जुन दलबाट उनी पछिल्लो समय सूचना तथा सञ्चार मन्त्री बनेका थिए ।

भ्रष्टाचार प्रमाणित भएपछि केही कालसम्म चुनावमा उठ्न नपाउने र कुनै पद लिन नपाउने भएका कारण जेपीको राजनीति समाप्त भएको ठान्नेहरु अहिले धेरै छन् । राजनीतिलाई "पेशा" देख्ने र बनाउनेहरुका लागि यो कुरा ठीकै पनि हो, राजनीतिको अन्तिम लक्ष्य पदलाई मान्ने हो भने जेपीको राजनीति सकिएको मान्न सकिएला । तर राजनीति पद भन्दा बढि जनताको सेवा र मुलुक प्रतिको उत्तरदायित्व हो भनेर मान्ने हो भने जेपीको राजनीति सकिएको छैन । अहिले उनी भ्रष्टाचारको आरोपमा जेलमा भएका कारण यस्ता भ्रष्टाचारी कसरी मुलुकप्रति उत्तरदायी हुन सक्छन् भन्ने तर्क गरिएला । या यस्ताले जनताको सेवा के गर्छन् ? भन्ने भनाइ अगाडी सारिएला तर कतिपय अवस्थामा अनेक परिवन्दमा पर्ने पनि मानिसनै हो अरु प्राणी परिवन्द या परिस्थितिको दास कमै हुने गर्छन् । यदि गल्ति भएकै रहेछ भनेपनि सो गल्तिबाट सिकेको पाठले जीवनमा सही बाटो पहिल्याउन झनै मद्दत गर्दछ । उनी कानूनी शासनलाई अपहेलना गर्ने राजनीतिकर्मी होइनन् भन्ने कुरा आफैंले आफ्नो गिरफ्तारी दिएर प्रमाणित गरी सकेका छन् । राजनीति त त्यस्ता मान्छेको समाप्त हुनु पर्ने हो ; जसले कानूनी राज्यको उपहास गर्दै आएका छन् ।

वास्तवमा भन्ने हो भने अहिले यो मुलुकमा पद बिनाको राजनीति गर्नेहरुको खाँचो छ, पदलाई महत्व नदिइकन मुलुकप्रति मात्रै उत्तरदायी नेताको आवश्यकता छ । जेपीले क्षेत्रीय भावनालाई त्यागेर सिंगो मुलुकलाई समट्ने गरी राजनीति गर्ने हो भने जेल बाहिर आएपछि उनका संभावनाहरु अनेक छन् । मानिस हो, जीवनमा  खोट र चोटहरु लाग्न सक्छन् । यसको अर्थ ती कहिल्यै मेटिदैनन् भन्ने होइन । सेक्सपियर पनि मानिस, ओसामा विन लादेन पनि मानिस, जीवनलाई सिर्जनशील बनाउने कि ध्वँसात्मक भन्ने कुरा मानिसको आफ्नै हातमा हुन्छ । जेपीका लागि आउने करिब एक वर्षको समय बाँकी जीवनको मार्ग दर्शन तयार गर्ने समय पनि हो । र, सबैभन्दा महत्वपूर्ण त मान्छे चिन्ने समयको रुपमा यसलाई लिन सकिन्छ । मान्छे चिन्नका लागि दुःखको समय सबैभन्दा उपयुक्त हुन्छ ।

**- बबिता बस्नेत**

बबिता बस्नेत ‘घटना र विचार’ साप्ताहिकका सम्पादक हुनुहन्छ । उपर्युक्त आलेख सो साप्ताहिकबाट साभार गरिएको हो ।

# शाही सत्ता र भ्रष्टाचारको छानविन

शाही शासनकालमा थुप्रै नेतालाई अख्तियारमार्फत् जेल हाल्ने रणनीति बनेको थियो । त्यसै 'ग्र्यान्डडिजाइन' लाई सफल पार्न सम्पत्ति आयोग गठन गरियो र अख्तियारमा सूर्यनाथ उपाध्यायलाई विशेष निर्देशन दिइएको बताइन्थ्यो । बाहिरी रुपमा अख्तियार र सम्पत्ति आयोग देखापरेपनि भित्री रुपमा सेना, गुप्तचर र प्रहरीका खास-खास अधिकृतहरुलाई उक्त 'ग्र्यान्डडिजाइन' सफल पार्न परिचालन गरिएको भनी तत्कालीन दरबारियाहरुमध्ये धेरैका मुखबाट सुनियो । कथित तबरले दरबारले नियन्त्रण गरेको उक्त 'अप्रेसन भ्रष्टाचार' रोक्न भन्दा पनि राजाको प्रत्यक्ष शासनलाई स्थापित गराउने उद्देश्यले परिचालित रहेको बुझिन्थ्यो । पर्दाभित्रका व्यक्तिहरु कस-कसलाई कसरी फसाउने भन्ने सम्बन्धमा योजना बन्दथे । भ्रष्टाचारको आरोप लगाई जेल हाल्ने रणनीतिअन्तर्गत सुरक्षा निकाय (सेना, गुप्तचरबाहेक) अर्थ मन्त्रालय र नेताहरु प्रथम सूचीमा राखिएका थिए, किनकि अर्थमा गर्दा होहल्ला बढी हुने, प्रहरीमा गर्दा माथिल्ला प्रजातान्त्रिक अधिकृतहरुलाई मासेर आफ्नो मान्छे ल्याउन पाइने, अनि नेताहरुलाई थुनेपछि प्रजातन्त्र कमजोर भई राजाको शासन बलियो बन्न मद्दत पुग्ने भन्ने त्यसबेलाका योजनाकारको बुझाइ थियो । पहिले नै नेताहरुलाई हात हाल्दा राजनीतिक रुपमा विरोध खेप्नुपर्ला भन्ने सोची योजनाकारहरुले अर्थ मन्त्रालयका कर्मचारी र प्रहरी कर्मचारीबाट काम थाल्ने रणनीति लिए । उनीहरुलाई थाहा थियो कि कर्मचारीहरु केही गर्न सक्दैनन् र उनीहरुलाई कारबाही गरी जनविश्वास बटुल्न सकिएमा नेताहरुलाई मास्न सजिलो हुनेछ ।

ठूलै तहबाट ढाडस पाएकाले सूर्यनाथजस्तो अख्तियार प्रमुख भुइँ न भाँडामा थिए । कानूनभन्दा माथि बसेर उनीहरु जसलाई मन लाग्यो त्यसलाई फसाउन सक्थे । योजनाबमोजिम अर्थका साधारण कर्मचारी  र केही प्रहरी अधिकृतमाथि हात हालियो र वास्तविकताभन्दा प्रशस्तै बढाएर प्रचार-प्रसार गरियो । कर्मचारीमाथिको कारबाहीपछि योजनाअनुसार नेताहरुमाथि हात हाल्नु थियो । शाहीकालका खेलाडीहरुको अन्तिम लक्ष्य भनेको गिरिजाप्रसाद कोइरालालाई भ्रष्टचारको आरोपमा जेल हाल्नु थियो । गिरिजाप्रसाद कोइरालासम्म पुग्नुअगाडि उनलाई एकैपटक आक्रमण नगरी पहिला छत्तीसे समूह भई कांग्रेसबाट छुट्टिएकाबाट अप्रेसन सुरु गर्ने रणनीति बन्यो । यसरी छत्तीसेहरुलाई कारबाही गर्दा गिरिजाप्रसाद समूहले विरोध गर्दैनन् भन्ने विश्वासले पनि यसो गरिएको थियो । यसै रणनीतिअन्तर्गत चिरञ्जीवी, खुम बहादुर आदि अप्रेसनमा परे । जब केही कांग्रेसी नेतामाथि कारबाही गरियो र माहोल आफ्नो अनुकूल भएको ठहर गरियो । त्यसपछि अर्जुननरसिंह केसीदेखि विजयकुमार गच्छदारसमेतको लामो लिष्ट तयार भयो । अख्तियार आफैंले उजुरी खडा गर्न सक्ने वा योजनाकारमार्फत उजुरी आउन सक्ने हुँदा कांग्रेसका दर्जनौं नेताको नाम अख्तियारको शङ्काको घेराभित्र राखियो । बुझिएअनुसार त्यतिबेला विजयकुमार गच्छदार पनि दरबारको सूचीमा जेल हालिनेमध्येका एक थिए । सूर्यनाथ उपाध्यायले सार्वजनिक रुपमै गिरिजाप्रसाद कोइरालामाथि कारबाही गरिनेछ भन्ने कुरा ओकल्दै पत्रपत्रिकामा अन्तर्वार्ता दिन थालिसकेका थिए । उक्त अन्तर्वार्ता उनले आफ्नो दिमागले नभई आदेशअनुसार दिएका थिए र सो कार्य सफल भएमा उनी अमेरिकाको राजदूत हुनेवाला थिए । यदि शाही शासनविरुद्ध राजनीतिक दलहरुको संयुक्त आन्दोलन नचर्केको भए अहिलेसम्म दर्जनौं नेता अख्तियारमार्फत त्यही ग्र्यान्डडिजाइनको आधारमा भ्रष्टाचारको आरोपमा जेल परिसकेका हुन्थे र त्यसमध्ये एक विजकुमार गच्छदार पनि पर्नेवाला थिए ।

यसरी तत्कालीन दरबारले रचेको यो ग्र्यान्डडिजाइनमा मुछिएका नेताहरु सबै चोखो थिए र शाहीकालीन कारबाही मात्रै गलत थियो भन्न खोजिएको होइन । तर, त्यसबखत राजाको कारबाही नेपालमा भ्रष्टाचार रोक्नका लागि भन्दा पनि प्रजातन्त्र मासेर आफूले राज गर्ने भन्ने नै थियो । भ्रष्टाचारको नाम केबल प्रजातन्त्र मास्नका लागि मात्र उपयोग गरिएको थियो तर आमनेपालीका लागि पर्दापछाडिको उक्त खेल बुझ्न सजिलो थिएन ।

जे होस्, गिरिजालगायत धेरै नेता अख्तियारको पाइपलाइनमा पुगिसकेको अवस्थाबाट राजाविरोधीहरुको आन्दोलन सफल भएको कारण जेल जानबाट बचे तर कति अभागीहरु त्यो घानमा परिहाले र हालसम्म पनि षड्यन्त्रको सिकार भई कारबाही भोग्दै छन् । त्यसबखत राजाको आदेशविपरित जाने न अख्तियारको दम थियो न कर्मचारी सरकारको । किनकि राजा आफैं कार्यकारी प्रमुख पनि थिए । त्यतिबेला केवल अदालत एक मात्र त्यस्तो निकाय थियो जहाँ षड्यन्त्रमा परेकाहरुले न्याय पाउने सम्भावना थियो । अदालतलाई समेत दख्खल दिन सूर्यनाथजस्तो रिमोट कन्ट्रोलबाट चल्ने प्रमुख आयुक्तहरु उपियाँ उफ्रिएझैं आफ्नो हैसियतभन्दा धेरै माथि उफ्रिरहेका थिए । त्यस्तो अवस्थामा पनि अदालतले केही न्याय गरेको थियो । यदि अदालत नभएको भए अनगिन्ती नेताहरुलाई अजिङ्गरले सिङ्गो खरायो निलेझैं निल्ने निश्चित  थियो ।

**- बशन्त कुवँर**

** बशन्त कुवँर नेपाल प्रहरीको एस.एस.पी. पदबाट अवकाश पाउनु भएको हो । शाही सत्ताको बेलाको यस षड्यन्त्रका जानकार रहनु भएका कुवँरको 'घटना र बिचार' साप्ताहिकमा प्रकाशित लेखको केही अंश यहाँ साभार गरिएको हो ।*

# जयप्रकाश गुप्ता बिरुद्ध राजदरबारको प्रपञ्च

सर्वोच्च अदालतको फैसलापछि पत्रकारहरुका माझ प्रतिकृया दिँदै जयप्रकाश गुप्ताले भन्नुभयो - "शाहीसत्ताको समयमा मलाई भ्रष्टाचारको मुद्दा लगाई प्रताडित गर्ने काम भयो र अहिले गणतन्त्र नेपालमा सोही मुद्दामा दण्डित गरियो ।" कतिपयले उहाँको यस बक्तव्यलाई भ्रष्टाचारको मुद्दामा दण्डित भएपछि आफ्नो बचाउको लागि भनिएको पनि पाइयो । तर यथार्थ यो होइन ।

नेपालमा पछिल्लो पटक शाहीसत्ताको सुरुवातको ऐतिहासिक तथ्य एवं साक्ष्यहरुको विवेचना गर्ने हो भने पर्याप्त प्रमाणहरु पाइन्छ, जसबाट सिद्ध हुनजान्छ कि राजा वीरेन्द्रकै समयदेखि भ्रष्टाचारको आडमा तत्कालिन संसदीय व्यवस्थालाई खारेज गर्न एक ठोस प्रपञ्च रचिएको थियो । यस प्रपञ्चका अनुसार अन्य विभिन्न उपायहरुका साथै भ्रष्टाचारको विषयमा मुलुकमा कायम रहेको भ्रष्टाचार विरोधी जनमतको आड लिई तत्कालिन सरकारहरुका केही महत्वपूर्ण मन्त्रीहरु र नेताहरुलाई फसाउने दरबारको एक मुख्य कार्यभार भएको थियो ।

यसको एक अकाट्य प्रमाणको रुपमा त्यस समय राजदरबारमा एक मुख्य पात्रको रुपमा रहेका दरबारका सैनिक सचिव विवेक कुमार शाहले लेख्नु भएको चर्चित पुस्तक **"मैले देखेको दरबार"**लाई लिन सकिन्छ । यस पुस्तकमा खासगरी भ्रष्टाचारको प्रसंगमा र तत्कालिन परिवेशमा सूचना तथा सञ्चार मन्त्री रहेका जयप्रकाश प्रसाद गुप्ताका बारेमा विभिन्न मितिमा गरिएको टिपोटहरुबाट स्पष्ट हुनजान्छ कि राजदरबार उनीप्रति अत्यन्तै पूर्वाग्रही भएको थियो । मन्त्री रहँदा-रहँदै पनि तत्कालिन राजाका बद्नियतका बिरुद्ध गुप्ता निर्भिकताका साथ लागेका, गणतन्त्रका पक्षमा सरकारी सञ्चार माध्यमहरुको उपयोग गरी वातावरण तयार गरिरहेको प्रष्ट बुझिन्छ । गुप्ताका यिनै दुस्साहसका कारणले दरबारले उनलाई तारो बनाएको र आफ्नो अभिष्ट पूरा गर्नका लागि योजनाबद्ध रुपमा उनीमाथि भ्रष्टाचारको मुद्दा चलाएको साक्ष्यहरुद्वारा प्रमाणित हुन्छ ।

यहाँ दरबारका सैनिक सचिवको स्मरणात्मक पुस्तकका सम्बद्ध अंशहरुलाई यथारुप मिति मिलाएर राखिएको छ । यसको अध्ययनबाट गुप्ता उपर भएको षड्यन्त्र र दरबारिया प्रपञ्चको स्पष्ट एवं अकाट्य तस्वीर सामुन्ने आउँछ ।

**२०५७ असोज ९ गते सोमबार**

दुनै घटनामा (२०५७ असोज ८ गते आइतबार) नेपाली सेनाले सरकारलाई सहयोग गरेन भनेर सूचना तथा सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्ताले आक्रोश व्यक्त गरेको खबर छ । उहाँले भन्नु भएको छ - "माओवादी दरबारबाट सञ्चालित छन् । हामी सरकारमा भएकाले दरबारको पोल खोल्न मिल्दैन । बाहिर गएपछि दरवारको भण्डाफोर गर्छौं । अहिले दरबारियाहरु सलबलाउन थालेका छन् । संविधानमा संशोधन गरेर राजाले शक्ति हत्याउने योजना बनाईरहेका छन् । प्रहरीका लागि हतियार किन्न १७ करोड रुपैयाँ सेनालाई बुझाइसकिएको छ । तर सेनाले दरवारको निर्देशनमा अहिलेसम्म हतियार उपलब्ध गराएको छैन । यो भन्दा राम्रो सत्ता भन्दा बाहिर जानु हुनेछ । राजासँग मुठभेडको स्थिति आए हामी बढीभन्दा बढी निर्वासित हुनुपर्ला । तर हाम्रो संघर्ष जारी रहन्छ ।"

**२०५७ असोज १० गते मंगलबार**

दुनै घटनाको सन्दर्भमा सरकारी पक्षबाट आफ्नो कमीकमजोरी ढाकछोप गर्नेगरी समाचार दिइएको छ । दुनै घटनाबारे जाहेरीका क्रममा सरकारबाट मलाई हुकुम भयो, - "मन्त्रीहरुले (सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्ता,

गृहमन्त्री गोबिन्दराज जोशी) सेनाका बिरुद्ध प्रेसमा जथाभावी र आक्रामक रुपमा बोलिरहेको अवस्था छ । कुरा विचारणीय छ ।"

**२०५८ जेठ ८ गते सोमबार**

महाराजाधिराजबाट भ्रष्टाचारको विषयमा कुनै न कुनै कडा कदम चाल्नै पर्ने सोचाइ बनाइबक्सेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिने सोचाई बनाइबक्सेको छ । तर यसमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कुनै वास्ता गर्नुभएको छैन ।

**२०५८ साउन ४ गते विहीबार**

प्रधानमन्त्री कोइरालालाई केही मन्त्रीले "सेनाको भूमिका असहयोगी भएकोमा" राजीनामा गरी जनतामा जान दबाब दिएका छन् ।

**२०५८ भदौ १८ गते सोमबार**

सरकारी सञ्चार माध्यम नेपाल टेलिभिजनमा गणतन्त्रबारे खुला बहस तीन पटकसम्म प्रसारण भैसकेको छ । यसबारे टेलिभिजनका महाप्रबन्धक दुर्गानाथ शर्मालाई सोधपुछ गर्न आवश्यक निर्देशन गरिएको छ । यो कार्यक्रम सञ्चालन गर्न सञ्चारमन्त्री जयप्रकाश गुप्ताले नै निर्देशन दिएको बुझिन आएको छ ।

**२०५८ फागुण २१ गते मंगलबार**

काँग्रेसमा प्रधानमन्त्री शेरबहादुर देउवालाई हटाउन आन्तरिक तयारी उच्च स्तरमा पुगेको सूचना छ । ५५ जना सांसदहरुले प्रधानमन्त्रीका विरुद्ध हस्ताक्षर गरिसकेका छन् । यसैबीच प्रधानमन्त्री देउवाले भ्रष्टाचार आयोग (सम्पत्ति जाँचबुझ आयोग) गठन गर्न लागेका कारण हस्ताक्षर अभियानलाई केही असर पर्ने देखिन्छ ।

**२०५९ असोज १८ गते शुक्रबार**

आज राति १०:४५ बजे राजाबाट शाही घोषणा मार्फत् प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त गरिबक्सी मन्त्रीपरिषद समेत बिघटन गरिबक्स्यो ।

*(नोट : यस बिघटित सरकारमा जयप्रकाश प्रसाद गुप्ता सूचना तथा संचार मन्त्री हुनुहुन्थ्यो । - सम्पादक)*

**२०५९ असोज १९ गते शनिबार**

आज महाराजाधिराज दिनभर काममा व्यस्त होइबक्सियो । दरबारका सचिवहरुमा कार्य विभाजन भयो । पशुपति भक्त महर्जनलाई राजनीतिक फ्रन्ट, मलाई (विवेक कुमार शाह) रक्षा, मोहन बहादुर पाण्डेलाई सञ्चार र सुदनप्रसाद पोखरेल र सागर तिमिल्सिनालाई सामाजिक क्षेत्र जिम्मा दिएर काम गर्न हुकुम भयो ।

राजाबाट सुशासन र भ्रष्टाचार नियन्त्रणमा तत्कालै काम थाल्नु हुकुम बक्सियो ।

**२०५९ असोज २० गते आइतबार**

सरकारबाट (राजाबाट) आज अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख सुर्यनाथ उपाध्यायलाई दर्शनभेट बक्सियो । अब भ्रष्टाचार निवारण सम्बन्धी धेरै कामको थालनी हुन सक्छ । केही भ्रष्ट नेतामाथि छानबिन पनि हुन सक्छ ।

*(नोटः राजाले सत्ता हत्याएको पर्सी पल्ट (२० गते आइतबार) राति सादा बर्दीधारी प्रहरीहरुको एक टोलीले सिनामंगल स्थित जयप्रकाश प्रसाद गुप्ताको घर घेरा हालेर 'हाउस एरेष्ट' गरियो । यसरी चार दिनसम्म लगातार गैर कनूनी रुपमा 'हाउस एरेष्ट' गरी पाचौं दिन सोझै बिनापूर्जी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बुझाइयो । - सम्पादक)*

**२०५९ असोज २२ गते मंगलबार**

खुमबहादुर खड्कालाई आजै अख्तियारले पूर्जी काटेको छ । उहाँ आफ्ना कार्यकर्तासँग भन्दै हुनुहुन्छ : "सबै गल्ती शेरबहादुरबाट भएको हो । शेरबहादुर बेल्जियमबाट फर्केलगतै राजीनामा मागिएको रहेछ । अब जेल पर्ने भइयो ।"

गोविन्दराज जोशी भने दंग पर्नुभएको रिपोर्ट गुप्तचरबाट आएको छ । उहाँले आफ्ना कार्यकर्तासँग हाँस्दै "शेरबहादुर र खुमबहादुरले आफूलाई अजम्बरी भन्ने गर्दथे, यो हालत भयो" भन्नुभएको रहेछ । तर उहाँले आफैलाई पनि पत्र काटिँदै छ भन्ने अनुमानसम्म पनि गर्नु भएको छैन होला ।

**२०६० बैशाख ३ गते बुधबार**

राजनीतिक नेताहरुका बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा रहेका भ्रष्टाचार सम्बन्धी मुद्दा तत्काल अघि बढाई त्यस्ता नेतालाई सार्वजनिक गर्न पनि सरकारबाट हुकुम भयो ।

**२०६० बैशाख ४ गते बिहीबार**

मेरो (सैनिक सचिव विवेक कुमार शाह) जाहेरी पछि सरकारबाट (राजा ज्ञानेन्द्रबाट) केही निर्देशन प्राप्त भयो - "माओवादी नेताहरुले अन्य पार्टीका भ्रष्ट नेतासँग साँठगाँठ गर्नु कुनै पनि हालतमा उपयुक्त हुँदैन । न्यायाधिश लम्साल (राजाको निर्देशनमा गठन भएको सम्पत्ति न्यायिक जाँचबुझ आयोगका अध्यक्ष भैरवप्रसाद लम्साल - सम्पादक) आयोगको रिपोर्ट सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्छ ।" सरकारबाट हुकुम बक्से बमोजिम मैले विभिन्न निकायसँग समन्वय गरिरहेको छु ।

**२०६० बैशाख १६ गते मंगलबार**

राजा ज्ञानेन्द्रबाट शाही सत्ताको बेला राजाका सैनिक सचिव विवेक कुमार शाह र तत्कालिन शाही मन्त्री नारायणसिंह पुनःको माओवादी वार्ताकार रामबहादुर थापा 'बादल' र कृष्ण बहादुर महरासँग छलफल भै सहमति भएको थियो । यस बारे सैनिक सचिवले आफ्नो पुस्तकमा देहाय अनुसार लेखेका छन् :

हाम्रो बुझाईमा सबै राजनीतिक दलका नेताहरु भ्रष्ट भए । अब उनीहरु जनतामा जान सक्दैनन् । माओवादी र राजाको बिचारमा प्रजातन्त्र र राष्ट्रवादको मिलनबिन्दु देशभक्ति नै हो । हामी सत्तामा आए अहिलेका नेताहरुलाई भ्रष्टाचारमा कारवाही गर्छौं ।

**२०६० जेठ ५ गते सोमबार**

एमालेका एकजना शीर्ष नेताले मलाई (राजाका सैनिक सचिव विवेक कुमार शाह स्वयं) भन्नु भयो - ईश्वर पोखरेल र प्रदीप नेपाललाई अख्तियारले कारवाही गर्न सके एमाले पार्टीलाई नै एक किसिमको सन्देश दिन सकिन्छ । उनीहरु पार्टीभित्र 'भ्रष्ट नेता'का रुपमा परिचित छन् । उनीहरुलाई कारबाही भए केपी ओली र राधाकृष्ण मैनालीको सहयोग प्राप्त गर्न सकिन्छ ।

**२०६० जेठ ७ गते बुधबार**

अख्तियारमा कार्यरत सहसचिव प्रेमराज कार्की आज मलाई भेट्न आउनुभएको थियो । उहाँले अख्तियारमा भईरहेको कामकारवाहीप्रति असन्तोष प्रकट गर्नुभयो । उहाँको भनाई थियो - प्रमुख आयुक्त (सुर्यनाथ उपाध्याय)लाई एमालेले घेरेर राखेको छ । अन्य आयुक्तको विश्वसनीयतामाथि प्रश्न उठेको  छ । त्यसैले उहाँहरुको पदावधि थप गर्नु हुँदैन । अदालतका न्यायाधीशहरु पनि भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् ।

**- जितेन्द्र खड्गा**बाट

*(* जितेन्द्र खड्गा कान्तिपुर दैनिकका पत्रकार हुनुहुन्छ । पछिल्लो समयमा शाहीसत्ताका घटनाक्रमहरुलाई सुक्ष्मताका साथ केलाएर उहाँले कयौं रिपोर्टहरु प्रकाशित गर्नु भएको छ ।)*

# नेताको नियति कानूनले निर्धारण गर्दैन...।

## जयप्रकाश गुप्ताका बिचारहरु : अन्तर्वार्ता

o **भ्रष्टाचारको मुद्दामा जेल जीवन बिताउँदै हुनुहुन्छ । तपाईमाथिको मुद्दाको र फैसलामाथिको पृष्ठभूमि के हो ?**

- राजा ज्ञानेन्द्रको शाही शासनकाल सुरु हुनासाथ मलगायत केही नेतामाथि मुद्दा चलाउने षडयन्त्र सुरु भयो । शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला २०५८ मा संसदीय व्यवस्थालाई असफल देखाउन केही जनप्रिय देखिने कदम चाल्नु पर्छ भन्ने षडयन्त्र अन्तर्गत भ्रष्टाचारलाई प्रमुख बिषयका रुपमा उठाइयो । शाही कदम चालियो । अनि, तत्कालिन सरकारका प्रमुख हस्तीहरुलाई तारो बनाइयो । खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले र मलगायतका व्यक्तिहरु तथा केही उच्च सरकारी अधिकारीहरु शाही सत्ताको पहिलो आक्रमणको शिकार भयौं । कानूनी रुपमा हामीलाई फसाउने कामको जिम्मेवारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पायो । अख्तियारका तत्कालिन प्रमुख सूर्यनाथ उपाध्याय दरवारको यो योजनामा सहमत थिए । उनी म जस्तालाई फसाउने कुरामा धेरै उत्साही पनि थिए । मलाई फसाउन निकै मिहिनेत गरे ।

सूर्यनाथले मलाई फसाउन सञ्चार मन्त्रालयसँग सम्बन्धित विभिन्न १३ बिषयमा छानविन सुरु गरे । राजा ज्ञानेन्द्रले सत्ता लिएको भोलिपल्टैदेखि मलाई ४ दिनसम्म घरमा 'हाउस एरेष्ट' गरी राखियो । पाँचौ दिन अख्तियारमा हाजिर गराएपछि १३ बिषयमा छानविन सुरु भयो । विभिन्न विषयमा एक महिनासम्म निरन्तर वयान लिएपछि सूर्यनाथले सञ्चार मन्त्रालयसँग सम्बन्धित विषयमा मुद्दा चलाउने बिषय भेटेनन् । शाही सत्ता र सूर्यनाथलाई जसरी पनि म उपर मुद्दा चलाउनु नै थियो । त्यसैले, कान्तिपुर टेलिभिजनलाई इजाजत दिएको एक बिषयमा दुई-साढे दुई करोड बिगोको मुद्दा बनाइयो । तर बिशेष अदालतले अख्तियारको मुद्दामा मेरो संलग्नता नदेखेकाले मलाई रु. १ लाख धरौटीमा छाड्यो । विशेष अदालतले मलाई १ लाख धरौटीमा छाडेको बिषयलाई सूर्यनाथ र शाही सत्ताले निकै ठूलो अपमानको रुपमा लिए । विशेष अदालतको प्राङ्गणमा नै राजावादी मण्डलेहरुले अदालतको विरोधमा नारा जुलुश गरे । सूर्यनाथले पत्रकार सम्मेलन गरी अदालतको आलोचना गरे ।

पहिलो योजना असफल भएपछि उनीहरु पछि हट्नु पर्ने हो । तर, उनीहरुको उद्देश्य नै मलाई जसरी पनि फसाउने भएकाले फेरि अर्को बिषय खोजियो । यसका लागि अख्तियार प्रमुख सूर्यनाथ, हाल सर्वोच्चका न्यायाधिस रहेका प्रकाश वस्ती (त्यतिखेर अख्तियारका कानूनी सल्लाहकार) र मेरो मुद्दाका अनुसन्धान अधिकृत चेतनाथ घिमिरेले बैठक नै बसेर निष्कर्ष निकाले कि, यो मान्छेलाई अब अकूत सम्पत्ति आर्जन गरेको भनी मुद्दा लगाएर फसाउनु पर्छ । यो मुद्दा अन्तर्गत कसैको पनि सम्पत्तिको मूल्याङ्कन बढाएर फसाउन सकिन्छ । त्यसैले, अन्य कुरामा असफलता हात लागेपछि मविरुद्ध अकूत सम्पत्तिको मुद्दा चलाइएको हो ।

o **तपाईको अधिकांश सम्पत्तिको श्रोत नखुलेकाले भ्रष्टाचार नै भएको भन्ने अदालतको ठहर छ । श्रोत खुलाउन किन सक्नु भएन ?**

- भ्रष्टाचार सम्बन्धी कानून (२०५९) आउनु पूर्व प्रायः जसो राजनीतिक प्रशासनिक मान्छेले आफ्नो सम्पत्तिको श्रोत सम्बन्धी प्रमाणहरु राख्दैनथे । के सूर्यनाथ आफैमाथि पनि मुद्दा पर्‍यो भने उनले आफ्नो सम्पत्तिको श्रोत खुलाउन सक्छन् ? अरु कसैले सक्छ ? तैपनि, मैले सम्पत्तिको श्रोत देखाएर विशेष अदालतबाट मुद्दा जितें ।

बिशेष अदालतले सफाई दिएको ठीकै थियो । यद्यपी फैसलाको क्रममा बिशेष अदालतले पनि मेरा प्रमाणहरुको विवेचना सही किसिमले गरेको थिएन । मैले भन्दा भन्दै पनि सही प्रमाण बुझ्ने काम बिशेष अदालतले पनि गरेन ।

जस्तै, सप्तरीको फत्तेपुरमा मेरो पुर्ख्यौली घर छ । त्यो घरको एक सानो भाग २०३२ सालमा बनेको हो । त्यस भागलाई २०३२ सालमै बनेको भनेर छर छिमेकी तथा गाविसले पनि प्रमाणित गरेको छ । तर, अदालतले त्यो घर २०५० सालमा, म प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रेस सल्लाहकार भैसकेपछि बनेको भन्दै काठमाण्डौंको सरकारी दररेटमा मूल्याङ्कन गरिदियो । म प्रधानमन्त्रीको प्रेस सल्लाहकार भएको ४-५ महिना पछि निर्माण सकिएको सप्तरीको कञ्चनपुरस्थित मेरो अर्को घरलाई २०४८ सालमा सार्वजनिक पद धारण गरेपछि नै शुरु भै बनेको भनी मूल्याङ्कन गरियो । प्रेस सल्लाहकार भनेको कुनै कार्यकारी जिम्मेवारी पनि होइन । त्यो बेला मेरो हस्ताक्षरबाट कुनै सरकारी काम हुन सक्ने स्थिति पनि थिएन ।

म २०५३ मा पहिलो पटक सञ्चार राज्यमन्त्री भएँ । त्यसपछि बल्ल मैले कार्यकारी जिम्मेवारी पाएको हुँ । तर, मलाई २०३२ मा बनेको घरलाई २०५० मा र २-३ बर्षदेखि निर्माणाधिन रही २०४८ मा निर्माण पुरा भएको घरलाई सार्वजनिक पद धारण गरेपछिमात्र २०५३ मा बनेको भनी मूल्याङ्कन गरियो । यो मान्छेलाई जसरी पनि फसाउनु पर्छ भन्ने योजना अन्तर्गत यी काम भएका थिए । भ्रष्टाचारको विरोध त जसले पनि गर्छ नै । यस्तै माहौल सिर्जना गरेर, वास्तविकता बताउँदा पनि त्यसको कुनै वास्ता नगरी मेरो वैध श्रोतलाई अवैध बनाउने काम भयो ।

कतिसम्म भने, सप्तरीको कञ्चनपुरमा बनेको घरलाई काठमाडौंमा बन्ने घर सरह मूल्याङ्कन गरिएको छ । काठमाडौंमा मार्वल लगाएर बनेका घरसँग गाउँमा बनेको सामान्य घरको मूल्याङ्कन गरिनु कसरी न्याय संगत हुन्छ ? फेरि त्यो घर बनाउन नजिकैको खोलाको बालुवा र गिट्टी प्रयोग भएका थिए । आफ्नै घर र जंगलका काठ प्रयोग गरेर त्यो घर बनाइएको थियो । पहिल्यैदेखि मेरो घरमा आफ्नै ट्र्याक्टर थियो । घर बनाउन आवश्यक सामाग्रीको ढुवानीकालागि तिनै ट्र्याक्टर प्रयोग भएका थिए । यसरी बनाइएको सामान्य घरलाई काठमाडौंमा मार्वल लगाएर बनेको घरको समकक्षमा राखेर मूल्याङ्कन गरियो ।

मेरो गाउँ चन्द्र नहरको किनारमा छ । नहरको किनारमा भएकाले त्यहाँ सिँचाइको कुनै समस्या छैन । मधेशमा जन्मे-हुर्केको सबैलाई थाहा भएको कुरा हो कि, पर्याप्त सिंचाई भएको ठाउँमा बर्षमा तीन वाली लाग्छ । तर, अदालतले फैसला गर्दा तीन वाली लाग्ने ठाउँको आम्दानी चाहिँ एक वाली बराबर राखेर फैसला गरेको छ । सामान्यत: एक विघामा कम्तिमा पनि ७०-८० मन धान फल्ने यथार्थतालाई बेवास्ता गरी एक विघा खेतको धान आयस्ता जम्मा १५ मनमात्र मानेर कृषि आम्दानी निर्धारण गरिएको छ । फैसलाको एक उदाहरण हेरौं, भनिएको छ : "सुनसरी जिल्लामा निजको १० विघा खेति छ । निज स्वयं राजनीतिमा लागेको हुँदा खेती गर्ने कुरै भएन । निजका भाईहरु पनि बर - व्यापारमा लागेकोले उनीहरुबाट पनि खेती हुने भएन । निजका वृद्ध पिता सप्तरीबाट सुनसरीमा आई खेती गर्न सक्ने भएन । यस्तो स्थितिमा उक्त खेती ( १० विघा) बाट जो हात - सो साथको आधारमा जो जत्ति आय हुन्छ, घर खर्चमा खर्च हुन्छ । बचत हुने सवालै आउदैन ।" यसरी मेरो १० विघा खेतीको वि. सं. २०४८ देखि २०५९ सम्मको आम्दानीलाई एक रुपैयाँ पनि आय मानिएन । यस्तो पागलपनको फैसला भएको छ । यस्ता अनेकन उदाहरणहरु फैसलामा छ । मेरो वैध श्रोतलाई अवैध देखाउन सकेसम्म आयको कम मूल्याङ्कन गर्ने नीति अनुसार यसो गरिएको थियो ।

o **सर्वोच्चको यो फैसला आउनु भन्दा अघि तपाईंले मधेशको राज्यसँगको सम्बन्ध बिच्छेद हुने चेतावनी दिनु भएको थियो । सर्वोच्चमा चलिरहेको मुद्दालाई धम्क्याएर फैसला आफ्नो पक्षमा गराउन उपरोक्त अभिव्यक्ति दिनु भएको भनिन्छ नि ?**

- यो संयोगमात्र थियो । त्यो अभिव्यक्ति अघि मैले पार्टी संगठनको क्रममा मधेशको पूर्वी र पश्चिमी दुवै क्षेत्रको दुई हप्ता लामो भ्रमण गरेको थिएँ । मेरो त्यो कुरामा कुनै अतिरञ्जना थिएन । तर, मधेशको बस्तुस्थिति बताएलगत्तै मैले मुद्दा हारें । नेपालका अदालतहरु राजनीतिक घटनाक्रमहरुबाट प्रेरित-निर्देशित हुन्छन् ।

हाल अदालत राज्यको रुपान्तरणको कतिपय विषयमा पूर्वाग्रही देखिएको छ । खासगरी सर्वोच्च अदालतले लवेदा सुरुवाल नै राष्ट्रिय पोशाक हुने फैसला गऱ्यो । कुनै समय अंगिकृत नागरिकता लिएकाहरुको त्यसपछि जन्मेका सन्तानलाई बंशजको नागरिकता दिन नहुने, नेपाली सेनामा मधेशी समुदायका युवाहरुलाई भर्ना हुन नदिने र चितवन जिल्लाको वन्यजन्तु आरक्ष हुँदै मधेशलाई जोड्ने हुलाकीमार्ग एवं रेलमार्गको प्रस्तावित कार्यलाई रोक्ने जस्ता निर्णयहरु दिएको छ । त्यसैले, मेरो सो अभिव्यक्तिलाई अदालतले पनि 'खतराको संकेत' को रुपमा बुझ्यो होला । मैले भनेको सो कुरालाई लिएर राज्य (जसभित्र अदालतपनि पर्छ) ले यो 'पन्छाउनै पर्ने' मान्छेको रुपमा बुझेको होला ।

यससँगै म एउटा तथ्य के बताउन चाहन्छु भने, मैले त्यो कुरा बोल्नासाथ अदालतलाई प्रभावित गर्न थालियो । मेरो भनाईलाई 'धम्कीपूर्ण भाषा प्रयोग' भन्न थालियो । 'जेपी गुप्ताका यस्ता धम्कीपूर्ण कुराबाट अदालत डराउन हुन्न' भनी पत्र पत्रिकाहरुमा नियोजित रुपमा प्रचार गर्ने काम भयो । एमाओवादी, नेपाली कांग्रेस र नेकपा (एमाले) का आधिकारिक समाचार पत्रहरुले मेरो मुद्दालाई हार्ने मुद्दाको रुपमा चित्रित गर्दै 'अदालत डराउन हुन्न' भनेर बकाइदासँग लेखे । मलाई लाग्छ, नियोजित रुपमा पत्र पत्रिकामार्फत गरिएका यस्ता प्रचारले अदालतलाई प्रभाव पाऱ्यो र फैसला सो रुपमा आयो ।

अहिले थाहा पाइए अनुसार मेरो त्यस वक्तव्य पछि केही पार्टीका नेताहरुले सर्वोच्चका न्यायाधिशलाई भेटे, स्वयं मेरो मुद्दामा फैसला गर्ने न्यायाधिश सुशीला कार्कीसँग भेटेर मुद्दा हराउन दवाव दिइयो । अर्का अस्थायी न्यायाधिश तर्कराज भट्टलाई सर्वोच्च अदालतमा पुऱ्याउने राजावादीहरु समेत पनि सकृय भए त्यसबेला ।

o **मधेशको मानसिकता तपाईंले भनेजस्तै हो त ?**

- म जेल परेको झण्डै दुई महिना भन्दा बढि भैसकेको छ । मैले त्यो बेला भनेका कुरा अहिले पुष्टि हुँदै आएका छन् । अहिले सरकारसँग वार्तामा रहेका विभिन्न सशस्त्र समूहका व्यक्तिहरु मलाई भेट्न आउँछन् । उनीहरु 'अब सरकारसँग वार्ताको औचित्य सकियो' भन्दै फेरि सशस्त्र संघर्षमा फर्कने कुरा गर्दैछन् । यस अवधिमा मधेशी मोर्चाले समेत वास्तविक पहिचानयुक्त संघीयतासहितको संविधान आउने निश्चित भएको महसुस गर्न नसकेको मैले पाएको छु । सरकारमा मधेशको उपस्थिति पनि कमजोर हुन थालेको छ । मधेशवादी पार्टीहरुभित्र सरकारबाट बाहिर आई मधेशको भावना अनुसार आन्दोलनमा जानुपर्ने मानसिकताले स्थान पाउँदै गएको छ । मधेशी, जनजाति र अन्य समुदायले पनि यस्तै निष्कर्ष निकालेको मैले अनुभव गरेको छु । यस आधारमा भन्दा पनि मेरो बिश्लेषण सही सावित हुँदैछ भन्ने मलाई लाग्छ । यदि जेठ १४ सम्म मधेशका मुद्दाहरुको सम्बोधन गरी संविधान निर्माण गर्ने काम गरिएन भने आउने समयमा ठूलो हिंस्रक प्रकारको आन्दोलनको सम्भावना देखिन्छ । यसले हामीले अख्तियार गरेको शान्तिवादी धारलाई कमजोर बनाउनेछ ।

o **तपाईंको त्यो अभिव्यक्ति लगत्तै राष्ट्रपतिसँग कुराकानी भएको थियो । तपाईंले राष्ट्रपतिलाई बुझाएको पत्र पनि सार्वजनिक भयो । राष्ट्रपतिसँग के कुरा भएको थियो ?**

- मधेशको मनस्थितिबारे मैले पत्रकारहरुलाई बताएको कुरा यथार्थ थियो । त्यसमा कुनै अतिरञ्जना थिएन । तर, त्यसबारे प्रधानमन्त्री, ठूला राजनीतिक दलका नेताहरु र सभामुखसँगको कुराकानीमा राष्ट्रपतिले भन्नु भएको भन्दै अनेक कुरा बाहिर आए । मलाई लाग्यो- 'राष्ट्रपतिज्यूले मधेशको यथार्थ बुझ्न सक्नु भएको रहेनछन् ।' त्यो यथार्थतालाई बुझ्न नसक्नुलाई मैले उहाँको सबैभन्दा ठूलो कमजोरी मानें । उहाँ मधेशी समुदायकै हुनु भएकाले आफ्नो छरछिमेक र समुदायको यथार्थ मनोभावना बुझ्न नसक्नुलाई यो कार्यकालमा उहाँको सबैभन्दा ठूलो कमजोरीको रुपमा मैले मानेको छु ।

दोश्रो कुरा, राष्ट्रिय अखण्डतामाथि खतराको बारेमा राज्यको रुपान्तरण विरोधी शक्तिहरुले उहाँसँगको भेटमा जुन हौवा खडा गरे, राष्ट्रपति त्यसमा बग्नु भयो । जब मैले उहाँलाई भेटें, त्यो भेटमा उहाँले आफ्नो भावना विपरित सूचना सम्प्रेषण भएको भन्दै दुःख व्यक्त गर्नुभयो । मैले राष्ट्रपतिलाई भेट्दा (१) मेरो भनाईको सही मनसाय उहाँले बुझ्नु भयो । (२) राष्ट्रपतिको भनाईको कारणले मलाई मन्त्री पदबाट हटाउन उत्पन्न गरिएको वातावरणप्रति दुःख प्रकट गर्नुभयो । (३) मधेशको अवस्थाको जुन चित्रण मैले गरें, त्यसप्रति उहाँ सहमत हुनुभयो । र, अन्तिम कुरा- मधेशको समस्या समाधान नगरिए नयाँ संविधानलाई मधेशले स्वीकार नगर्ने कुरा उहाँले पनि बताउनु भयो ।

यी कुराहरु उहाँले मलाई एक्लै, सुटुक्क भन्नु भएको कुरा होइन । मेरा पार्टीका नेताहरु र राष्ट्रपति कार्यालयका सचिव समक्ष उहाँले उपरोक्त कुरा स्पष्टसँग राख्नु भएको हो । उहाँले भन्नु भएका यी कुरा मैले सार्वजनिक पनि गरें । त्यसलाई राष्ट्रपति कार्यालयले खण्डन गर्न सकेको छैन । यी तथ्यहरुलाई पहिले नबुझी राष्ट्रपतिले गरेको टिप्पणी बाँदरको पुच्छरमा आगो लगाउनु सरह हो । केही माओवादी, कांग्रेस र एमालेका नेताहरुले आफ्नो पुच्छरमा आगो लगाएको बाँदर सरह कुँदे । मेरो कुरा गलत हो भने, आज माओवादी, कांग्रेस र एमालेको मधेश अभियान किन ?

**० यस्तो स्थितिमा मधेशमा हिंसात्मक आन्दोलनको कत्तिको सम्भावना छ ? त्यसको सफलता देख्नु हुन्छ ?**

- आजको दिनमा मधेशको मनःस्थिति (खासगरी मधेशी युवाहरुको) उग्र तथा हिंसात्मक प्रकारको छ । मधेशको कूल मधेशी जनसंख्याको ४० प्रतिशत भाग २५ वर्ष मुनिका युवाहरुको छ । उनीहरु विस्तारै मधेशी पार्टीहरुबाट विमुख हुँदैछन् । ३० बर्ष हाराहारीका लगभग ८ सय युवाहरु हाल हात हतियार मुद्दामा जेलमा छन् । मधेशमा सशस्त्र आन्दोलनको दौरान मुद्दा चलाइएका, पक्राउ नपरेका र फरार रहेका मध्ये ८० प्रतिशत जति युवाहरु ३०-३५ को उमेर समूहका छन् । सशस्त्र समूहका नेता मध्ये २-३ वटा अपवाद बाहेक सबै ३०-४० बर्ष उमेर समूहका छन् । मधेशको सशस्त्र द्वन्दमा मारिएका मध्ये ९० प्रतिशत ३० बर्ष मुनिका युवाहरु छन् । यी सबै अकाट्य तथ्यले हिंसा र मधेशी चिन्तनबीचको सम्बन्धलाई पुष्टि गर्दछ ।

युवाहरुमा हिंसात्मक कारवाहीप्रति लगाव बढ्दो छ । तर, हिंसात्मक आन्दोलनलाई हौस्याउने पक्षमा म छैन । म हिंसात्मक आन्दोलनको सफलताको सम्भावना पनि देख्दिन ।

मधेशमा सशस्त्र संघर्षतर्फ उन्मुख युवाहरुको दुर्भाग्य यो हो कि, उनीहरुको बसोबास नेपाल-भारत सीमा क्षेत्रमा छ । भारत सरकारको सुरक्षा सम्बेदनशीलताका कारण सीमा क्षेत्रको मधेशमा हुने सशस्त्र आन्दोलनलाई भारतले सम्झौताहीन सुरक्षा सम्बेदनशीलताको दृष्टिकोणले हेर्दछ । त्यसैले, नेपालको सीमा क्षेत्रमा हुने सशस्त्र गतिविधिलाई भारतले कुनै हालतमा छुट दिने देखिन्न । किनकी यताको सशस्त्र गतिविधिको असर उतापनि पर्छ ।

संघीयताको हाम्रो माग, संघर्ष, हामीलाई गरिने दमन, हाम्रो मानवअधिकारको हनन, मधेशीहरुको लोकतन्त्रप्रतिको आकांक्षा लगायतका कुरा भन्दा पनि महत्वपूर्ण र मूल्यवान वस्तु भारतका लागि उसको सुरक्षा सुनिश्चितता हो । यो कुराको सुनिश्चितता गर्न काठमाडौंको सत्तासँगको सम्बन्ध पनि उसका लागी उत्तिकै महत्वपूर्ण कुरा हो । आफ्नो सुरक्षा सम्बेदनशीलतालाई दाउमा राखेर भारतले मधेशको सशस्त्र अभियानलाई बढावा दिन्छ जस्तो मलाई लाग्दैन । तेश्रो प्रतिकूल अवस्था हो- मधेशको भूगोल । त्यो समथल भूभाग, जहाँ आधुनिक सञ्चारको व्यापक प्रयोग हुन थालेको छ । सञ्चारका ती साधनहरुमा राज्यको स्वामित्व र नियन्त्रण छ । भौगोलिक कारणले पनि मधेशको त्यो समथल भूभाग सशस्त्र संघर्ष सञ्चालन गर्नका लागि आधार इलाका बन्न सक्दैन । यही भौगोलिक कारणले त्यहाँ सशस्त्र संघर्षले अपेक्षा गरेको सफलता प्राप्त हुन सक्दैन । नेपाली कांग्रेसले २०१८ र २०३१ सालमा सञ्चालन गरेका सबै सशस्त्र कारवाहीहरु मधेशको भूगोलकै कारणले तुहियो । ओखलढुंगा कब्जा गर्न गएको क्याप्टेन यज्ञबहादुर थापाको समूहको सूचना मधेशकै भूगोलका कारण चुहिएको थियो । झापा आन्दोलनमा सशस्त्र संघर्षले असफलता व्यहोर्नुको कारण पनि पूर्वी नेपालको समथल भूभाग नै हो । मधेशका सशस्त्र समूह फौजी दृष्टिले असफल हुनुमा पनि त्यहाँको भूगोलले निकै भूमिका खेलेको छ ।

माओवादी सशस्त्र द्वन्दकालमा मधेशमा सेनामाथि गरेको आक्रमणमा माओवादीले पनि खासै सफलता हासिल गर्न सकेन । सेनामाथिका ठूला कारवाहीको तैयारी मधेशमा होइन, चुरे-पहाडी क्षेत्रमा गर्नु परेको थियो माओवादीले । सशस्त्र संघर्षका यी अनुभवहरुले के सन्देश दिन्छन् भने, मधेशमा सशस्त्र आन्दोलनका लागि चाहिने व्यापक शक्ति, श्रोत र साधन खर्च गर्नु व्यर्थ छ ।

o **शान्तिपूर्ण आन्दोलनबाट चाहिँ मधेशले आफ्ना मागहरु पुरा गर्न सक्ने स्थिति छ त ?**

- मधेशी युवाहरुले विद्यमान हिंसात्मक मानसिकतालाई, विद्रोह तथा आन्दोलनहरुमा युवा उमेरको व्यापक सहभागिताको संभावनालाई मानव अधिकारवादीको मधेशमा पनि हुन सक्ने प्रभाव तथा उनको उपयोग, सूचना र सञ्चारको फैलिएको परिस्थिति र त्यस भूगोल प्रतिको मधेशी समुदायका प्रति यताको समयमा जागेको अन्तर्राष्ट्रिय चासोको विश्लेषण गरी व्यापक शान्तिपूर्ण आन्दोलन गर्ने हो भने, त्यसको सफलता निश्चित छ ।

हामीले शान्तिपूर्ण आन्दोलनको दायरालाई व्यापक बनाउन सक्ने हो भने भारतमा रहेका समान प्रकारका अन्तरसम्बद्ध समुदायहरुको नैतिक समर्थन, काठमाडौंलाई पर्ने अन्तर्राष्ट्रिय दबाब र मधेशमा रहेको राष्ट्रिय पार्टीहरुको जनाधार समूल रुपमा नष्ट हुने सम्भावना, राजधानी लगायतका क्षेत्रहरुको जीवन धारमा उत्पन्न हुने अनिश्चितकालीन अवरोध, यसले खडा गर्ने भयावहताबाट पन्छिन मधेश विरोधि पार्टीहरु र सरकार मधेशको माग पुरा गर्न बाध्य हुनेछ । संविधान सभाको अभ्यासमा हाम्रा मागहरुलाई पन्छाइएपनि फेरिपनि आन्दोलनबाट हामी आफ्ना सवालहरुलाई स्थापित गराउन सक्छौं । तसर्थ, अव मधेशका सबै सशस्त्र आन्दोलनका अनुभवलाई शान्तिपूर्ण आन्दोलनमा रुपान्तरण गर्न ढिलो गर्नु हुँदैन ।

o **फेरि तपाइँमाथि लागेको मुद्दातर्फ लागौं । मधेशी नेतामा, त्यो पनि तपाईंमाथि नै किन मुद्दा लागेको होला ?**

- भ्रष्टाचारजन्य कारवाहीहरुको चर्चा प्रशासनिक राजनीतिक क्षेत्रमा अहिलेमात्र उठेको होइन । पञ्चायतकालदेखि नै यो कुरा आउने गरेको छ । पञ्चायतकालमा पञ्चहरु दुई गुटमा विभाजित हुन्थे । अर्को गुटलाई पछारेर आफ्नो गुट बलियो पार्न भ्रष्टाचारको आरोप लगाउने गरिन्थ्यो । बहुदलकालमा पनि यस्तै घटना भए । एमाले पार्टीकै कुरा गरौं, पार्टी विभाजनका क्रममा चरम भ्रष्टाचारका आरोप प्रत्यारोप भए । एमालेले बामदेव गौतमलाई खुल्लामञ्चबाटै देशको सबैभन्दा ठूलो भ्रष्टाचारीको आरोप लगायो । पार्टी फुटेपछि नेपाली कांग्रेसका नेताहरु प्रजातान्त्रिक कांग्रेसमाथि यस्तै आरोप लगाउँथे ।

बहुदलकालको अन्त्य र शाही सत्ताको सुरुवातमा चाहिँ भिन्दै परिस्थिति देखियो । दरवारले बडो नियोजित तवरले भ्रष्टाचारको मुद्दालाई संसदीय व्यवस्थालाई अलोकप्रिय देखाउन प्रयोग गऱ्यो । यस क्रममा अनेक काण्डमा चर्चा गरिए । सम्पत्ति छानविन सम्बन्धी समिति बनाइयो । शाही आयोगको योजनाका आधारमा राजनीतिक व्यक्तिहरुमाथि मुद्दा लगाइयो । त्यसपछि अहिले पनि भ्रष्टाचारको कुराहरु उठ्ने गरेका छन् । माथिका समय-सन्दर्भ र घटनाक्रमले सबै भ्रष्टाचारका सन्दर्भलाई एउटै टोकरीमा राख्न सकिने अवस्था छैन ।

हरेक भ्रष्टाचारको आरोप कुनै समुदाय विशेष वा राजनीतिबाट प्रेरित भएर गरिएको हो भन्ने मेरो मनसाय होइन । तर, म जुन सन्दर्भसँग सम्बन्धित छु, त्यसको नालिबेली हेर्ने हो भने मलाई जसरी पनि फसाउने तत्कालिन राजदरवार र शाही सत्ताको योजना नै थियो । यो चाहिँ म दावीका साथ भन्न सक्छु । अघिपनि मैले भनें, मलाई पहिला सञ्चार मन्त्रालयसँग सम्बन्धित १३ बिषयमा फसाउन खोजियो । तर सकेनन् । फेरि अर्को योजना बनाइयो । र, कान्तिपुर टेलिभिजनलाई दिएको इजाजतमा फसाउन खोजियो । त्यसमा पनि सकेनन् । दुई दुई मुद्दामा फसाउन खोज्दा नसकेपछि भ्रष्टाचारको मुद्दामा फसाइएको भन्ने यसैबाट स्वतः पुष्टि हुन्छ ।

सबैलाई थाहा छ, मलाई मुद्दा लगाइएको लगत्तै पछि राजा ज्ञानेन्द्रले शाही आयोग नै खडा गरी नेपाली कांग्रेसका शेरबहादुर देउवा, प्रकाशमान सिंह लगायत उपरपनि मुद्दा चलाएर थुनामा राखे । तर, पछि सर्वोच्च अदालतले नै शाही आयोगलाई नै खारेज गरेर उनीहरुलाई जोगायो । वि.सं. २०६३ को दोश्रो जनआन्दोलनपछि शाही सत्ताका कुख्यात मन्त्री कमल थापा लगायत उपर मुद्दा चलाइयो । सबैको मुद्दा मिलाइयो । स्वयं गिरिजाप्रसाद कोइराला उपर अख्तियार प्रमुख सूर्यनाथ उपाध्यायले थालेको भ्रष्टाचारको अनुसन्धान दोश्रो जनआन्दोलन पछि उहाँ प्र.म. भएको दुई दिन पछि मुल्तवी राखे ।

**० तपाईंलाई फसाउनुमा दरवारकै षडयन्त्र हो त ?**

\- तत्कालिन राजा ज्ञानेन्द्रले राजनीतिक व्यक्तिबाट मुलुकमा भ्रष्टाचार बढेको कुरा सार्वजनिक रुपमा भने । यो कुरा सबैलाई थाहा छ । नेपालस्थित विभिन्न देशका राजदूतहरुलाई समेत बोलाएर राजा ज्ञानेन्द्रले यही कुरा सुनाए । उनले यही कुरा भन्न प्रेसलाई अन्तरवार्ता समेत दिए । पछि दरवारका मानिस प्रमाणित नै भएका कुवेर शर्मा, भरत जंगम, बद्रीप्रसाद खतिवडा, दुर्गा पोखरेल, मोहन निरौला आदिले चोक तथा बजारमै व्यक्ति लक्षित अभियानहरु चलाए । यस पृष्ठभूमिमा तत्कालिन राजाले त्यतिखेर दरवारसँग नजिकिएका प्रधानमन्त्री शेरबहादुर देउवालाई सम्पत्ति छानविन न्यायिक समिति बनाउन दवाव तथा निर्देशन दिए ।

त्यो समितिको छानविनको दायरा बिसं २०३६ साल देखिका राजनीतिज्ञहरुलाई समेट्ने हुनुपर्दछ भन्दा दरवारले मानेन । बिसं २०४६ देखिको समयलाई आधार मानेर सम्पत्ति छानविन गर्ने भनियो । छानविन समितिको अध्यक्षमा मन्त्री परिषदले सिफारिस गरेको नामलाई दरवारले मानेन । दरवारको दवावमा न्यायाधिस भैरवप्रसाद लम्साललाई अध्यक्ष बनाइयो । लम्साल समितिले कर्मचारी र राजनीतिज्ञ गरी करिव ३६ हजार व्यक्तिको सम्पत्ति विवरण छानविन गरियो । त्यसमध्ये १५ हजार राजनीतिक-प्रशासनिक व्यक्तिको सम्पत्ति श्रोत भन्दा बढि रहेको भनियो । दरवारले यो प्रतिवेदन सोझै अख्तियारलाई बुझायो । र, अख्तियारका तत्कालिन प्रमुख सूर्यनाथ उपाध्यायले छानविन गर्ने भनिएको १५ हजार मध्ये अर्थ मन्त्रालयका २२ जना कर्मचारी, ४-५ जना प्रहरी अधिकृत र १६-१७ जना राजनीतिक व्यक्तिहरु- जो सबै प्रजातन्त्रवादी विचारका थिए, उनीहरु उपर अन्तिम छानविन र मुद्दा चलाउने प्रकृया सुरु गरे । त्यसमध्येका केही राजनीतिज्ञहरु, जसले तत्कालिन राजालाई भेटे, सहयोग गर्ने वचन दिए, उनीहरुको मुद्दा तामेलीमा राखियो । र, हामी केही, जसले राजालाई सहयोग गर्ने बचन दिएनौं, हामीमाथि विशेष अदालतमा मुद्दा चलाइयो । त्यस कारणले हाम्रो मुद्दाको पृष्ठभूमि एकदमै फरक छ ।

**० आफूमाथि मुद्दा लागेपछि त्यसबाट बच्न कांग्रेस छाडेर मधेशी राजनीतिमा लागेको आरोप छ तपाईंमाथि । तपाईंको स्पष्टिकरण के छ ?**

- यो झन् उल्टो कुरा भयो । मुद्दाबाट बच्न म मधेशी राजनीतिमा लागेको होइन । बरु ममाथि भ्रष्टाचारको मुद्दा लागेका बेला मैले रिस्क मोलेर मधेशवादी राजनीति रोजेको हुँ । मैले यो फरक बाटो नरोजेको भए बरु जोगिन सक्थें । जस्तो- एमालेका मोदनाथ प्रश्रितमाथि छानविन भयो, प्रदीप नेपाल पनि छानविनको दायरामा परे । तत्कालिन एमाले पार्टीमा रहेका सीतानन्दन राय उपरपनि छानविन भयो तर सूर्यनाथलाई एमाले पार्टीले अनुरोध गरेपछि मुद्दा चलाइएन । यसैगरी नेपाली कांग्रेसका अर्जुननरसिंह केसी, लक्ष्मणप्रसाद घिमिरेमाथि पनि छानविन थालिएको थियो । उनीहरु मूल पार्टीमै रहे । उनीहरुको पार्टी सत्तामा पनि रहिरह्यो । त्यसैले, उनीहरु कसैमाथि पनि मुद्दा चलाइएन । कांग्रेसका ती मानिसहरु, जो कांग्रेसको मूलधारबाट अलग भई शेरबहादुर देउवाको ओरालो लाग्दो प्रजातान्त्रिक कांग्रेसतिर लागे, उनीहरु मुद्दाको शिकार बने । राजाको कोप दृष्टिमा परेका प्रहरी अधिकृतहरु मुद्दाको शिकार भए । र, कांग्रेस छाडेका मजस्ता व्यक्तिहरु शिकार भए । सायद, आज म कांग्रेसमा भएको भए मेरो प्रतिरक्षा गर्ने कांग्रेसजस्तो ठूलो पार्टी हुन्थ्यो । र, म जोगिन्थें हुँला । तर म यी सबको बेवास्ता गरी आफ्नो प्रतिबद्धता अनुसार मधेशतिर लागें । र, बेसहारा भएँ । म इश्युका कारणले मधेशी राजनीतिमा लागें । मुद्दाबाट जोगिन खोजेको भए त मैले यो चुनौतिपूर्ण बाटो रोज्ने नै थिइन ।

अहिलेपनि सर्वोच्च अदालतका न्यायाधिशहरु राजनीतिक विचारकै आधारमा बाँडिएका छन् । सर्वोच्च अदालतबाट मधेशीहरुको न्यायिक प्रतिरक्षा हुने स्थिति छैन । मधेशको सवालसँग जोडिएका कैयौं मुद्दाहरुका सम्बन्धमा अदालतले गरेको फैसलाबाट यो कुरा प्रष्ट हुन्छ । मैले मधेशी राजनीतिमा लागेकै कारणले प्रभावशाली पार्टीहरुको सहयोग गुमाएँ । र, एक राजनीतिक पृष्ठभूमिका न्यायाधिशको नितान्त पूर्वाग्रहको शिकार भएँ ।

**० को हुन् ती न्यायाधिश ? किनले उनले तपाईंमाथि पूर्वाग्रह साँध्नु पर्‍यो ?**

- यो कुरा मैले न्यायाधिस सुशीला कार्कीका बारेमा भनेको हुँ । उनी २०३५-०३६ सालसम्म नेपाली कांग्रेसमा सकृयतापूर्वक लागेकी थिइन् । महेन्द्र मोरङ्ग क्याम्पस, मोरङ्गमा नेवि संघको र प्रवास बाराणसीको कांग्रेसी राजनीतिमा सकृयतापूर्वक लागेकी व्यक्ति हुन् उनी । नेवि संघको राजनीतिमा उनी म भन्दा सिनियर थिइन् । पछिल्लो राजनीतिका क्रममा म सकृय र मुखर रुपमा गिरिजाप्रसाद कोइरालातिर लागेका थिए । दुर्गा सुवेदी अत्यन्त सकृयतापूर्वक कोइरालाको विरोधमा लागे । दुर्गा र सुशीलाबीच पछि विवाह भयो । यिनै सुशीला कार्की, दुर्गा सुवेदीहरु त्यतिबेलै हामीले कोइरालाहरुलाई तेल दल्छौं भन्दै हामीलाई 'तेल कांग्रेस' भन्ने गर्थे । अनि, आफूहरु कोइरालाहरुको विरोधमा लौरो लिएर उभिएको बताउँदै आफूलाई 'लाठी कांग्रेस' को रुपमा चिनाउँथे । त्यतिबेलाको विराटनगरको कांग्रेसी राजनीति बुझ्नेहरुको स्मरणमा अहिले पनि 'तेल कांग्रेस' र 'लाठी कांग्रेस' को कुरा होला ।

दुर्गा सुवेदी २०५१ सालमा मोरङ्ग-१ बाट गिरिजाप्रसाद कोइरालाको खिलाफमा चुनाव लडेपछि हामीसँग राजनीतिक रुपले कित्ताकाट भयो । २०३८ मा विजय गच्छेदार ज्यान मुद्दामा जेल पर्दा उनलाई खुलेआम फसाउने षडयन्त्र भयो । त्यसमा दुर्गा सुवेदीको पनि विरोधी भूमिका थियो । गच्छेदारलाई फसाउन खोजिएपछि उमेश गिरी र मैले मिलेर दुर्गा सुवेदीसँग प्रतिवाद गरेका थियौं र हातपातको स्थिति उत्पन्न भएको थियो । यिनै दुर्गा सुवेदी अहिले कांग्रेसको राजनीति नै परित्याग गरी माओवादी पार्टीका शुभेच्छुक बनेका छन् । माओवादीकै तर्फबाट उनी हाल मोरङ्ग शान्ति समितिको अध्यक्ष बनाइएका छन् । सुशीला कार्की माओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) प्रधानमन्त्री भएका बेला माओवादी कोटाबाट वकिलमध्येबाट सर्वोच्चको

न्यायाधिसमा छानिइन् । न्यायाधिसको कुर्सीमा बसी मुद्दाको फैसला गर्दा सुशीलाजीले यी सबै बिगतलाई सम्झेर त्यसै आधारमा फैसला गरेजस्तो मलाई लाग्छ ।

नत्र यदि मेरो हार्ने मुद्दा नै थियो भने पनि यति चाँडो फैसला हुने मुद्दा चाहिँ थिएन । किनकी, खुमबहादुर खड्काको मुद्दा सरेको सत्र्यै छ । गोविन्दराज जोशीको मुद्दालाई सर्वोच्चले फेरि छानविन गर्नु भनेर विशेष अदालतमा पठाएको छ, जहाँ साधारण तारिखमा राखिएको छ । तर, यी नजीर विपरित मेरो मुद्दाको फैसला चाहिँ यति चाँडो भएको छ ।

o **सुशीला कार्की तपाईंप्रति पूर्वाग्रही नै हुन त ?**

- उनी उपर मैले झुठो लाञ्छना लाउनुको कुनै कारण छैन । उनी घोर पूर्वाग्रही भएको यौटा उदाहरण दिन चाहन्छु: वि. सं. २०६४ असार ११ गतेको कान्तिपुर दैनिकमा उनको एक लेख प्रकाशित भएको थियो । बिशेष अदालतमा मैले सफाई पाएपछि लगतै । त्यतिखेर उनी न्यायाधिस थिएनन् - विराटनगरमा साधारण वकिल थिइन् । त्यस लेखमा उनले अख्तियारद्वारा मुद्दा चलाइएका म जस्ता व्यक्तिहरु अदालतले सफाई दिनै नहुने भनेकी छिन् । लेखमा भनिएको छ: **"जनताको न्यायपालिका प्रतिको आस्था हराउँदै जाने एक अर्को कारण ती फैसलाहरु हुन् । जुन फैसलाबाट जनतामा नकारात्मक सन्देश प्रवाह भएको छ । हिजोसम्म सम्पत्तिको नाममा शून्य भएको व्यक्ति राजनीतिमा लागेको वा महत्वपूर्ण पदमा बहाली भएको क्षणभरमा करडौपति हुनु र उसको नालीबेली जनताले थाहापाएको अवस्थामा राज्यको ढुकुटी सिध्याएर आफूलाई अकूत धन थुपार्छ । जब त्यस्ताको मुद्दामा न्यायपालिकाबाट सफाई दिई बाबु बाजेको सम्पत्ति हो भनि भ्रष्टाचारको सम्पत्तिलाई जायज ठहर गरिन्छ भने जनताको विश्वास, आस्था न्यायपालिका प्रति कसरी रहला ? आजसम्म गिनेचुनेका बाहेक धेरैले भ्रष्टाचारीहरुलाई चोख्याउने फैसला नै गरेको देखिन्छ ।"** यो लेख सुशिला कार्कीले विशेष अदालतबाट मैले सफाई पाएपछि लगत्तै लेखेकी हो । यिनै व्यक्ति सर्वोच्चको न्यायाधिस भएपछि मेरो मुद्दाको फैसला गर्ने जिम्मा पाउँछ । पहिल्यै देखिनै कुनै खास प्रकारको मुद्दामा यस्तो गैर न्यायिक चरित्रको आग्रह बनाई सकेकीबाट कसरी न्याय पाउने ? स्वयं सर्वोच्च अदालतले प्रतिपादन गरेको न्यायाधिसहरुको आचार संहिताको आधारमा प्रधान न्यायाधिसले यस्तो प्रवृत धारणा बनाईसकेको न्यायाधिसलाई यस प्रकृतिको मुद्दा नै हेर्न दिनु हुदैन्थ्यो । तसर्थ मेरो निश्चित मत छ, सुशीला कार्की म प्रति पूर्वाग्रही नै हुन् ।

o **दुर्गा सुवेदी-सुशीला कार्कीसँगको उपरोक्त सम्बन्धका आधारमा आफूमाथि राजनीतिक पूर्वाग्रहको आधारमा फैसला हुन्छ भन्ने लागेपछि यस्तो फैसला हुन नदिन माओवादी र कांग्रेसका नेताहरुलाई आग्रह गर्नु भएन ?**

- पछिल्लो समयमा माओवादीसँग मेरो सामान्य सम्बन्ध नै थियो । नेपाली कांग्रेस, नेकपा (एमाले) लगायतका दलहरु कुनै पनि हालतमा माओवादीलाई सरकारको नेतृत्व मात्र होइन, सुरक्षासँग सम्बन्धित मन्त्रालयको जिम्मेवारीपनि नदिने योजनामा थिए । यस्तो स्थितिमा पनि म आफैं लागेर माओवादी नेतृत्वमा सरकार बन्ने परिस्थिति निर्माण गरेको हुँ । बाबुराम भट्टराई नेतृत्वको सरकार बनाउन मैले खेलेको भूमिकाबारे माओवादीका नेताहरु राम्रोसँग जानकार छन् । ममाथि मुद्दा चलेको माओवादी, गैरमाओवादी सबैलाई थाहा भएकै कुरा हो । मैले सम्बैधानिक परिषद्बाट राजिनामा दिँदा मेरो मुद्दाको विषय निकै चर्चामा आएको पनि हो । माओवादीका अध्यक्ष प्रचण्ड, प्रधानमन्त्री बाबुराम भट्टराई, नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेल आदिले मेरो मुद्दामा निकै चासो पनि राखेका हुन् । उहाँहरु सबैले भन्नु भएको थियो- 'नेपालको अदालत स्वतन्त्र र निष्पक्ष छैन । अदालतले राजनीतिक आसयबाट फैसला गर्ने गरेको छ ।' उहाँहरुले यसो भनेपछि मैले म उपरपनि राजनीतिक आसयको आधारमा फैसला हुनसक्ने भएकाले यस्तो नहोस् भन्ने अपेक्षा गरेको थिएँ । तर, उहाँहरुले सहयोग गर्नु भयो वा उल्टो गर्नुभयो, त्यो चाहिँ मलाई थाहा भएन । तर, फैसला चाहिँ यस्तो आयो ।

अहिलेको विद्यमान राजनीति र सत्ता समिकरण एक आपसमा सहयोगी र पुरक खालका पनि छन् । र, अर्को अर्थमा राजनीतिक बधशालाको रुपमा रहेका पनि छन् । मलाई लाग्छ- राज्य, राजनीति र न्यायालय, यी सबैका समान स्वार्थहरु मलाई दण्डित गर्ने दिशामा सहकार्य गरे । र, सफल पनि भए ।

o **सर्वोच्च अदालतले तपाईंको मुद्दाको सन्दर्भमा जस्तो फैसला गऱ्यो, यो फैसलाले स्थापित गरेको नजिरले भविष्यमा कस्तो परिणाम देला ?**

- सर्वोच्च अदालतले गर्ने हरेक फैसलाहरु केवल त्यो मुद्दाको फैसलामा मात्र होइन, ती पछि पर्ने मुद्दाहरुका सम्बन्धमा नजिरका रुपमा स्थापित समेत हुन्छन् । पहिले गरिएको फैसलाका आधारमा पछिल्ला फैसला गरिन्छन् । म उपरको मुद्दाको फैसला पनि अब यस्तै मुद्दाहरुका सम्बन्धमा अकाट्य नजिरका रुपमा स्थापित भएको छ । अब उनीहरुले पनि आफ्नो सम्पत्ति बैध दावी गरेरमात्र पुग्दैन, त्यसलाई यही नजिरका आधारमा त्यसलाई बैध पनि सावित गर्नुपर्नेछ । यो चुनौति सबैभन्दा बढि सर्वोच्च अदालतका न्यायाधिसहरुकालागि खडा भएको छ कि, आफ्नो सम्पत्ति बैध सावित गर्ने दायित्व केवल हामीजस्ता राजनीति गर्नेहरुको हकमा मात्र लागू हुन्छ वा उनीहरुको हकमा पनि लागू हुन्छ ?

शेरबहादुर देउवा पहिलो पटक प्रम हुँदा दिइएको सांसद सुविधा अन्तर्गत भन्सार छुटमा मैले रु. ६ लाखमा गाडी किनें । त्यो गाडी मैले रु. १५ लाखमा बेचें । गाडी किन्नेले आफ्नो बैंक एकाउण्टबाट चेकबाटै मेरो खातामा त्यो रकम राखिदिएका छन् । त्यो रकम (१५ लाख) मा ३ लाख रकम थपेर मैले अर्को गाडी किनें । तर, अदालतले भन्सार छुटको गाडी बेच्न पाइन्न भन्दै मेरो खातामा जम्मा भएको त्यो १५ लाखलाई पनि अवैध ठहऱ्यायो । त्यो सुविधा अन्तर्गत त्यतिबेलाका सांसद, न्यायाधिसहरुले पनि लाखौं मूल्य पर्ने गाडी किनेका छन् । एकाध बाहेक सबैले गाडी भाडामा लगाएका छन् वा बिक्री गरेका छन् । मेरो मुद्दा उपर गरिएको फैसलामा सुविधा अन्तर्गतको गाडी बेच्न वा भाडामा लगाउँदा आउने रकमलाई अवैध मानिएको छ । यही कुरा सुविधाको गाडी लिने अन्यको हकमा लागू हुन्छ कि हुँदैन, अव हेर्नुछ ।

o **यही बेलामा तपाईको मुद्दाको फैसला हुनुको कारण के होला जस्तो लाग्छ ?**

- राज्यको रुपान्तरणको सवाल, जुन आजको सर्वाधिक महत्वको विषय हो, यसबारे कांग्रेस र एमालेको एउटै दृष्टिकोण रहेको छ । कांग्रेस र एमालेसँग माओवादीको थोरैमात्र अन्तर देखिन्छ । तर मधेशीहरुको यी तीनै दलहरुसँग यस विषयमा आधारभूत रुपमा नै मतभिन्नता छ । नयाँ सम्बिधान निर्माणको सन्दर्भमा आफ्नो अडान छाड्नै पर्ने कुरा माथिका तीन वटै पक्षहरुका साझा स्वार्थका बिषय हुन् । यसका लागि मधेशी नेताहरुलाई लचकदार बनाउन, सम्झौता परस्त बनाउन र घुँडा टेकाउन एउटा 'डरको बिषयवस्तु' ( Fear Factor ) उनीहरुका लागि आवश्यकता थियो । मलाई सजायँ दिएपछि अरु को नै बाँकी रहन्थे र ? यस्तो सन्देश यतिखेरै दिनु आवश्यकता थियो खुमबहादुर खड्का, गोविन्दराज जोशीहरुलाई सजायँ दिंदा एउटा परिवारलाई मात्र सन्देश हुन्छ, जसको सम्बन्ध अहिलेको जटिल राजनीतिसँग छैन । तर, मलाई दिइने सजायँले पुरै मधेशलाई र मधेशी नेताहरुलाई सन्देश दिन्छ । मलाई दिएको सजायबाट यस्तो उद्देश्यमा सफलता पाउन सकिन्छ भन्ने धारणा राज्यले राखेको छ । उदाहरणका लागि मलाई जेल पुऱ्याएपछि अब सेनामा मधेशीहरुको भर्ना, अंगिकृत नागरिकका सन्तानलाई नेपाली नागरिकता दिने विषय, एक मधेश प्रदेशका सवाल, जेलमा रहेका लगभग १ हजार मधेशी युवाहरुको रिहाइको विषय लगायतका सवालहरु एजेण्डाबाट हटिसकेको छ । मधेशी युवाहरुले निकालेका मशाल जुलुशलाई स्वयं गृहमन्त्री विजय गच्छेदारले हुन दिएनन् । वीरगञ्ज र बारामा लाठीचार्ज भयो । मेरो विचारमा, अघि मैले उल्लेख गरेको (Fear Factor) ले अब काम गर्न थालेको छ । अब मधेशी मोर्चाका नेताहरुलाई घुँडा टेकाएर मधेशको विभाजनलाई स्वीकार गर्न सही छाप गराइँदैछ ।

o **विशेषको फैसला उल्टेला र जेल परिएला भन्ने लागेको थियो ?**

- बिलकुलै थिएन, नसोचेको भो । विशेष अदालतले मलाई सफाई दिन गरेको फैसलाको सर्वोच्चले मोटर दुर्घटनामा परेको मान्छेको आन्द्राभुँडी जस्तो छ्यालब्याल पार्दियो ।

o **किन ?**

- विशेष अदालतले अरु धेरैलाई आम्दानीको उही मापदण्ड लगाएर सफाई दिएको थियो । तर अख्तियारले अरुलाई छाडिदियो, म बिरुद्ध मात्र पुनरावेदन गऱ्यो । यो पक्षपात सर्वोच्चले बुझ्केकै होला - भनेको त, त्यहाँ पनि त्यस्तै भयो ।

o **तर सबैले फैसला ठीक हो भने नि त ?**

- मेरो अवस्था अहिले घेरामा पारेर लखेटिएको च्याङ्ग्राको जस्तो छ । यस्तोमा जसले पनि खेद्छ । तर फैसलाको स्वागत गर्नेहरुलाई मेरो चुनौती छ । त्यो के भने, सूर्यनाथ उपाध्यायदेखि झलनाथ खनालसम्मले मलाई लगाएको मापदण्ड अनुसार आ-आफ्नो सम्पत्ति बैध सावित गरुन्, अनि म अपराधी मानौंला आफूलाई र म यो खोरबाट निस्केपछि राजनीति नगरौंला ।

o **अब त चुनाब उठ्न पाइन्न, कसरी गर्नुहुन्छ राजनीति ?**

- एउटा नेताको नियति कानुनले तय गर्ने होइन । यो कानुन सधै रहन्छ भन्ने पनि छैन । त्यही पनि एक पटकलाई निर्वाचन लड्न नपाइने हो , नलडौंला ।

o **तपाईं त आफै सञ्चार मन्त्री, थुनामा पर्नु भएको कुरालाई सञ्चार माध्यमले गरेको कभरेज कस्तो लाग्यो ?**

- ग्ल्यामर जर्नालिज्मको जमाना छ । मिडियालाई त्यहि चाहिएको छ । त्यसैले म जेल आएको घटनामाथि - जेजस्ता टिप्पणी भए, त्यस हिसावले ठीकै हो । तर सर्वोच्चले गरेको फैसलाले पार्ने प्रभावका बारेमा समाचार बनाउन मिडिया चुक्यो ।

o **के प्रभाव पार्छ यो फैसलाले ? केमा चुक्यो र मिडिया ?**

- सर्वोच्चको फैसला भनेको नजिर हो । नजिरले पछि हुने मुद्दालाई पनि निर्देशन गर्छ । यस अनुसार अब न्यायाधिशहरुको सम्पत्तिको पनि त स्रोत देखाउनु पऱ्यो । कर्मचारी र अरु नेताले पनि स्रोत खुलाउनु पऱ्यो । म ठोकुवाका साथ भन्छु , मेरो मुद्दामा लगाइएको आम्दानीको हिसाब गर्ने मापदण्ड अनुसार यहाँ कसैले ठड्याएको घर पनि वैध हुँदैन र कोहि पनि सदाचारी ठहर्दैन । यो कुरो मिडियाले उठाउनु पर्थ्यो । त्यो उठाएन ।

o **मन्त्री जस्तो मान्छे, एक्कासी जेल पर्नुभो । अप्ठ्यारो भो ?**

- हेर्नुस्, म पनि सामान्य मान्छे नै हुँ, कुनै सुपरम्यान होइन । मेरो पनि घरपरिवार छ । बुढा बाआमा छन् । तिनलाई औषधि खुवाउने जिम्मेवारी छ । विहान बेलुका काखमा बस्न आउने १० बर्षको छोरो छ । यो सबै परिवेशबाट अलग भएर बस्दा कष्ट भइहाल्छ नि ! यस्तोमा “केही फरक परेको छैन” भन्ने मानिस स्टिलको हुनु पऱ्यो, जो म होइन ।

यहाँ जेलमा धेरै असल मान्छे छन् । दुनियाको नजरमा हामी जेलका सबै मान्छे खराब हो । हाम्रो नजरमा हामी अर्कै हौं । मलाई पनि बाहिर यो भ्रष्टाचारी कसरी दिन बिताईरहेको होला जेलमा भन्दा हुन् । अनेक थरि कुरा काट्दा हुन् । ठीक पर्‍यो भन्दा हुन्, भनून् । म कस्तो हुँ मैलाई थाहा छ ।

o **कसरी दिन कट्दै छ त ? कसरी बस्नु हुन्छ जेलमा ?**

- म हाँसी खुसी भएर दिन कटाउँछु । यहाँ ७५ वर्षका बुढा पनि छन्, ओठ निचोरे दूध आउला जस्ता कलिला केटाहरु पनि छन् । १ सय ५० जनाका लागि बनाइएको कारागारमा ७ सय कोचिएर बसेका छन् । हरेक कुरामा असुविधा र सकस छ । यस्तोमा पनि मानिसहरु हाँसेको देख्छु । खुसी भएर हिँडेको भेट्छु । त्यो हेरेर म यहाँ बस्ने तरिका सिकिरहेको छु । यहाँको वातावरणसँग भिज्ने प्रयास गर्दैछु । म चारै बजे उठ्छु । दिनभर व्यस्त रहन्छु ।

o **कहाँ बस्नुहुन्छ नि ?**

- जेलको आन्तरिक प्रशासनले मलाई एउटा सानो सुत्ने ठाउँ दिएको छ । त्यो निकै साँघुरो भएपनि मलाई राम्रै लागेको छ । विशेष सुविधा खोज्ने अब म को हुँ र ? मन्त्री यहाँ म होइन क्यारे ! त्यसैले जे छ त्यसैमा खुसी मानेको छु । यहि पाकेको कुरा खान्छु । मलाई ब्लडप्रेसर छ, औषधि खाने व्यवस्था पनि मिलेको छ ।

o **पहिले पनि जेल पर्नु भएको थियो ?**

- थुप्रै पटक । यो मेरो १९ औं पटकको थुना र जेलयात्रा हो । पटक पटक गरेर साढे ४ वर्ष जेलमा बिताएको छु । त्यसैले मेरा लागि जेल नयाँ होइन, सन्दर्भ मात्रै नयाँ भो ।

o **तपाईं नहुँदा पार्टी गम्भीर विवादमा फसेको छ नि ?**

- फोरम गणतान्त्रिकलाई सभासद्को पार्टीबाट कार्यकर्ताको पार्टी बनाउन खोजिएको थियो । तर, यसै क्रममा म जेलमा आएँ । यसले (पार्टीमा) केही रिक्तता उत्पन्न गरेको छ । पार्टीको नेतृत्वमा, निर्णय लिने प्रक्रियामा साथै संसदीय दलमा र केन्द्रीय समितिमा यसको प्रभाव परेको छ ।

o **तपाईंले जेलबाटै पार्टी चलाइ रहनु भएको देखिन्छ नि ?**

- मैले पार्टी जेलबाट चलाएको होइन । भौतिक रुपमा म नभए पछि पार्टीमा मेरो विचारलाई जबर्जस्ती लाद्न मिल्दैन । पार्टी त साथीहरुले चलाएका छन् । पार्टीका का.वा. अध्यक्षले मलाई नभेटेको महिनौ भयो । पार्टीमा मेरो भावनात्मक सम्बन्ध मात्र छ ।

o **तपाईंलाई दैनिक कति जनाले भेट्ने गर्छन् ?**

- दैनिक ७० देखि ८० जनासम्म मलाई भेट्न आउने गर्छन् । केही दिनदेखि सुरक्षाको कारण यता मेरो भेटघाटमा नियन्त्रण गर्न खोजिएको छ । मलाई भेट्न आउने साथीहरुसँग नागरिकता माग्ने, नागरिकताको फोटोकपी माग्ने, अनावश्यक सोधपुछ गर्ने र कहिलेकाही भेट्नै नदिने गरिएको छ । मेरो भेटघाटलाई किन नियन्त्रण गर्न खोजिएको हो ? मैले बुझेको छैन ।

o **सुरक्षाको कारणले होला कि ?**

- यहाँ जे गरे पनि सुरक्षाको कारण भनिदिए भइहाल्यो नि ! गृह मन्त्रालयलाई भन्न सजिलो छ ।

o **तपाई पूर्व मन्त्री भएको नाताले छुट्टै सुविधा पाउनु भएको छ ?**

- मैले कुनै छुट्टै सुविधा पाएको छैन । अरु बन्दीसरह जीवन बिताईरहेको छु । म सुत्ने कोठामा २३ जना बन्दी छन् । त्यहाँ मेरा लागि अरु बन्दीसरह ३ फिट मात्र ठाउँ सुत्नका लागि छुट्टयाइएको छ ।

o **अहिले सम्म को-को नेताले तपाईंलाई भेटे ?**

- थुप्रै नेता मलाई भेट्न यहाँ आउनुभएको छ । मधेसी मोर्चामा रहेका सबै नेता र अन्य पार्टीका नेता पनि मलाई भेट्न आउनुभएको छ । गृहमन्त्री एक पटक आउनु भएको थियो । महन्थ ठाकुर पटक-पटक आउनुहुन्छ । जिल्ला-जिल्लाबाट पनि साथीहरु मलाई भेट्न आउनुभएको छ ।

o **यो मुद्दा र फैसलाले तपाईंको भावी राजनीतिक जीवनमा कस्तो प्रभाव पार्छ ? तपाईंको राजनीतिक जीवन सकिएको भन्ठान्नु हुन्छ ?**

- यस मुद्दामा मलाई प्राविधिक रुपमा हराईएको छ । मधेशको राम्रो पानी लाग्ने खेतमा ८० मन धान फल्छ । ४०-५० मन गहुँ फल्छ । विशेष अदालतले एक बाली धानलाई मात्र आम्दानी भनी मान्यता दियो, त्यो पनि विघामा १५ मन मात्र फल्छ भनेर । सर्वोच्च अदालतले त्यसमा पनि बुबा आमा सहित ४ भागमा अंश लगाई दियो । जब कि मेरो परिवार कानुनी रुपमा सगोलमा छ । मेरो बैंक खातामा वि. सं. २०४८ साल देखि २०५९ साल सम्ममा ५२/५३ लाख जम्मा भयो । पटक पटक राख्दै, झिक्दै, डिपोजिटको ब्याज समेत गरी अन्तिममा ३/४ लाख रुपैयाँ मात्र थियो । तर अदालतले ०४८ देखि ०५९ साल सम्मको सबै रकमलाई जोडेर ५२/५३ लाख रकम ; जो बैंकमै छैन - ती सबैलाई बिगो बनायो । यसरी ८४ लाख बिगो बनायो ।

त्यसैले मैले भनेको हुँ कि, मलाई प्राविधिक रुपले मुद्दा हराई जेल पठाइएको हो । म राज्य र न्यायाधिशको योजनामा परें, तर जनताको विश्वासमा हारेको छैन । राजनीतिक पूर्वाग्रहको आधारमा, अहिले तत्काल संविधान बन्ने बेलामा मलाई बाहिर राख्न हराईएको हो- यो कुरा पहाड-मधेस सबै तिरका जनताले बुझेका छन् । म १०/११ महिनामा यहाँबाट रिहा भएपछि सोझै मलाई बुझ्ने, चिन्ने जनताको बीच पुग्छु र फेरि पुरै सक्रियताका साथ राजनीतिमा लाग्छु । एक दुई बर्षको चुनावी यात्रा मात्र राजनीति होइन । मेरो राजनीतिक ध्येय नै संघर्षबाट प्राप्ति हुन्छ, र संघर्ष गर्न यो मुद्दा र कानुनले रोक्न सक्दैन । संघर्षमा पराजित भए फेरि जेलमै आउँछु - जितेमा यस्ता मुद्दा र ऐन कानूनको कुनै अर्थ रहदैन । त्यसैले भनेको हुँ - नेताको नियति कानुनले निर्धारण गर्दैन ।

o **मधेशको राजनीति कता जाँदैछ ?**

- नयाँ संविधान निर्माणको सन्दर्भमा मधेशका आधारभूत रुपमा पाँचवटा एजेन्डाहरु रहेको थियो । पहिलो नयाँ संविधानमा मधेशी पहिचानको मान्यताको विषय थियो । दोस्रो, संघीयता र संघीयतामा मधेशी एउटा स्वायत्त प्रदेशको रुपमा मान्यता पाउनुपर्छ भन्ने विषय थियो । तेस्रो, सर्वाधिक महत्वपूर्ण विषय जनसंख्याको आधारमा प्रतिनिधित्व । चौथो, देशका सबै भाषाभाषीले आफ्नो भाषाको औपचारिक मान्यता, सोही सिलसिलामा मधेशको भाषाहरुको औपचारिक मान्यताको विषय । र, पाँचौं महत्वपूर्ण विषयमा राज्यका हरेक निकायहरुलाई समावेशीकरण गर्ने । जेष्ठ १४ आउनलाई केही दिन मात्र बाँकी छ, संविधानका धेरैजसो विषयहरु टुंगिसकेको छ । तर केही महत्वपूर्ण विषयहरु टुंगिन बाँकी छ । हामीले मधेशका पाँचवटा सरोकारहरु ; जसलाई म बारम्बार भन्ने गर्छु कि, यी आधारभूत सरोकारहरु हुन् । नयाँ संविधानमा यसको स्थिति र स्थानको यदि हामीले खोजी गर्‍यौं भने मधेशीहरुको पहिचानको मुद्दा अहिलेसम्मको छलफलमा कहीं पनि स्थापित भएको छैन र स्वीकार गरिएको छैन । संघीयताको कुरा चल्दैछ तर, संघीयतामा मधेशी पहिचानअनुसारको स्वायत्त मधेशवादी पार्टीबाहेक अन्य पार्टीहरुबाट आएको रायअनुसार त्यसलाई मान्ने स्थिति देखिएको छैन । समान

जनसंख्याको आधारमा प्रतिनिधित्व प्रणालीलाई पूर्ण रुपले अस्वीकार गरिएको अवस्था छ । भाषिक सवालमा भोलि प्रदेश गठन हुँदा प्रदेश स्वयम्ले एउटा आयोग बनाएर औपचारिक भाषालाई टुंगो गर्ने कुरा प्रस्ताव गरिएको छ । खास गरेर जनसंख्याको आधारमा समानुपातिक समावेशीकरणको हाम्रो मागलाई अहिलेको मस्यौदामा स्वीकारिएको छैन । यदि हामी साना, मसिना र फुटकर कुरामा नजाने हो भने भएसम्मको सन्दर्भमा बडो निराशाजनक स्थिति छ । मधेशका लगभग सबै सवालहरुलाई तिरस्कार गरिएको अवस्था छ ।

o **मधेशका नेताहरुले उठाएका सवालहरुलाई तिरस्कार गरेको ठूला दलले फेरि तिनै मुद्दालाई समाधान गरेर मधेशमा आफ्नो वर्चस्व बढाउन यस्तो गरेको हो कि ?**

- म जेल आउनुभन्दा पहिला सबै पक्षका शीर्षस्थ नेताहरुको एउटा बैठकमा माओवादी, एमाले र कांग्रेसको तर्फबाट एउटा प्रस्ताव आएको थियो कि माओवादीले अघि सारेको जातीय प्रकारको प्रदेशलाई कांग्रेस र एमालेले स्वीकार गरिरहेको छैन । कांग्रेस र एमालेले मधेशवादीले भनेजस्तो प्रदेश स्वीकार गरिरहेको अवस्था छैन । कांग्रेस र एमालेले पनि अब उत्तर र दक्षिण गरी खासगरेर तीन चारवटा यस्तो प्रदेश बनाउन चाहन्छन् जसले दक्षिणको नेपाल-भारत सीमालाई छोओस् । तसर्थ यो स्थितिमा संघीयताको विषय जेष्ठ १४ गतेसम्ममा कसरी टुंगो लाग्छ ? जेष्ठ १४ सम्ममा यसरी संघीयताको विषय टुंगो लागेन भने के हामी संविधान नै नबनाउने त ? भन्ने स्थितिको आंकलन गरेर माओवादी, एमाले र कांग्रेसको तर्फबाट एउटा प्रस्ताव प्रवेश गराईएको थियो कि प्रदेशहरुको व्यवस्थापनबेगर नै अर्थात् संघीयताको खाकाबेगरकै संविधान ल्याउने भनेर । म त्यतिखेर संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको तर्फबाट स्पष्ट रुपमा त्यस कुरालाई अस्वीकार गरेको थिएँ - कुनै पनि हालतमा संघीयताबिनाको संविधान हामीलाई मान्य हुँदैन । शान्ति प्रक्रियालाई अहिले ढिलो गर्दै गएर र अन्तिम समयमा शान्ति प्रक्रियालई टुंग्याएर र संघीयतायुक्त संविधानमा छलफल गर्ने स्थिति नरहेको अवस्थामा जेष्ठ १४ को डेटलाइनलाई देखाएर त्योभन्दा पहिले संविधान ल्याउनैपर्ने बाध्यात्मक परिस्थितिको आडमा बिना संघीयताको संविधान आउने स्थिति म प्रवल देख्दै छु । यो स्थिति हाम्रो लागि अत्यन्तै दुर्भाग्यपूर्ण हुन्छ र मधेशी मात्र होइन, संघीयताका पक्षपाती सबै पक्षहरु ठूलो नोक्सान बेहोर्नुपर्ने स्थितिमा पुग्छन् ।

o **मधेशी मोर्चालाई कता लाने भनेर नेतृत्वकर्ताको भूमिकामा रहनुभएको तपाईलाई यहाँसम्म ल्याइपुऱ्याउँदा मधेशी मोर्चाले खुलेर आफ्नो धारणा राख्न सकेन । तपाईका ती सहयात्रीहरुले तपाईलाई छोडिदिएका हुन् अथवा कुनै कुराको प्रतिक्षामा छन् ?**

- परिस्थितिगत कारणले गर्दा म अहिले जेलमा छु । म मधेशी मोर्चाको बैठकमा भाग लिइरहेको छैन । सत्ता गठबन्धनका अभिन्न भाग माओवादी र मोर्चाको बैठकमा पनि म सहभागी छैन र कांग्रेस, एमाले, माओवादी र मधेशी मोर्चाको संयुक्त बैठकमा पनि म सहभागी छैन । यो एउटा भिन्नै परिस्थिति हो । यसमा कसैले मलाई छोडेको भन्ने अर्थ होइन तर अहिले थुनामै भएको बेलामा मधेशी मोर्चाका विभिन्न घटक पार्टीका अध्यक्षज्यूहरु मलाई भेट्न आउनु भएको छ, नेताहरु मलाई भेट्न आउनुभएको छ । उहाँहरु आएकोमा उहाँप्रति धन्यवाद दिँदै मैले उहाँहरु समक्ष एउटा परिस्थितिको चित्रण गरेको छु । हामीले केही अघि फागुन मसान्तसम्ममा शान्तिप्रक्रिया पूरा हुने आशा राखेका थियौं र माओवादीसँग हाम्रो कुरा हुँदा माओवादी पक्षले पनि हामीलाई विश्वास दिलाएको थियो कि फागुन मसान्तभरिमा शान्तिप्रक्रिया पूरा हुन्छ । त्यस आश्वासनको आधारमा हामी मधेशी मोर्चाभित्र छलफल गरेका थियौं कि शान्तिप्रक्रिया पूरा हुनैपर्दछ, शान्तिप्रक्रिया पूरा भइसकेपछि मात्रै संविधान बन्ने हामी आशा राख्न सक्दछौं । आज जब म थुनामा आएको छु र यो स्थिति लगभग स्पष्ट भइसकेको छ कि फागुन मसान्तसम्ममा शान्तिप्रक्रिया पूरा हुनसक्ने स्थिति छैन । मैले उहाँहरुको अगाडि जिज्ञासा राखेको छु कि फागुन मसान्तसम्ममा यदि शान्तिप्रक्रिया पूरा नहुने नै भयो भने मधेशी मोर्चाले के गर्ने ? के शान्तिप्रक्रिया पूरा गर्न नसकेको माओवादीलाई मधेशी मोर्चाले काँध थापिराख्ने र शान्ति प्रक्रिया पनि

पूरा गर्न नसकेको कारणबाट संविधान पनि बन्न नसक्ने अवस्थामा मोर्चाले माओवादीलाई समर्थनको औचित्य छ कि छैन ? मोर्चाले यस विषयमा गम्भीरतापूर्वक छलफल गर्नुपर्छ । अब माओवादीले पनि र त्योभन्दा बढी कांग्रेस र एमालेले स्पष्ट रुपमा आफ्नो दृष्टिकोणहरु सार्वजनिक गर्दै लगेको छ जसअनुसार मधेशले चाहेअनुसारको संघीयता हुने स्थिति छैन र सायद संघीयताविनाको संविधान ल्याउने तयारी गरिदैं छ, यस्तो अवस्थामा मधेशी मोर्चाले आफ्नो दृष्टिकोण कहिले सार्वजनिक गर्ने ? बिना संघीयताको संविधान मधेशी मोर्चालाई मान्य छ वा छैन यसबारे मधेशी मोर्चाले आफ्नो दृष्टिकोण कहिले सर्वजनिक गर्ने ? यसको हामीले जेष्ठ १३ गतेसम्म कुर्ने अथवा आजैको मितिदेखि यो हाम्रो लागि किमार्थ पनि स्वीकार्य हुँदैन भन्ने कुरालाई स्पष्टताका साथ राख्ने ? मैले यी विषयहरु उहाँहरुका अगाडि राखेको छु । अब मलाई हेर्नु छ कि साथीहरु यो विषयहरुलाई कतिको गम्भीरतापूर्वक लिनुभएको छ र यस विषयमा के निर्णय गर्नुहुन्छ यो हेर्न बाँकी छ ।

o **मधेशी मन्त्रीहरु भ्रष्टाचारको दल-दलमा छन्, कानूनी राज्यको उपहास गर्छन् अथवा आफ्नै समुदायलाई पीडा दिन्छन् भनेर यहाँका मिडिया र बुद्धिजीवीहरुले कुरा उठाइरहेका छन्, तपाईले यसलाई कसरी लिनुभएको छ ?**

\- कुनै एउटा समुदायलाई लक्षित गरेर त्यो समुदायका मानिसहरु दल-दलमा फँसेको छ भन्नु अपमानजनक विषय हो । अहिले एमालेका अध्यक्षज्यूले मधेशी मोर्चा भ्रष्टाचारको दल-दलमा अथवा मधेशी मोर्चाका नेताहरु भ्रष्टाचारको दलदलमा छ भन्नु बडो दुःखद विषय हो । मैले विनम्रतापूर्वक भन्ने गरेको छु कि मेरै सन्दर्भमा विशेष अदालतले गरेको फैसलालाई सर्वोच्च अदालतले उल्ट्याएको छ । कुनैपनि व्यक्तिको सम्पत्तिलाई वैधता प्रदान गर्ने एउटा मापदण्ड विशेष अदालतले तय गरेको थियो । त्यो मापदण्डको आधारमा विशेष अदालतबाट केही मुद्दाहरु सफाइ पनि पाएको थियो, जसमध्ये मेरो मुद्दा पनि एउटा मुद्दा रहेको हो । अहिले आएर सर्वोच्च अदालतले आम्दानीको छुट्टै मापदण्ड खडा गऱ्यो । मैले त यसअघि पनि सार्वजनिक रुपमा भनें कि एउटा व्यक्ति जसले कृषि उपजको सन्दर्भमा धानबालीमा जम्मा १५ मन आम्दानीको वैधता पाउँदछ, त्यसआधारमा एउटा राष्ट्रसेवक अथवा सरकारी ओहदामा रहेका राजनीतिक व्यक्ति जसले नेपाल सरकारबाट विधिवत बुझेको समग्र रकममध्ये पनि सर्वोच्चले मैले पाएको रकमबाट जसरी घटायो सो मापदण्डबाट अथवा अन्य विभिन्न सुविधाहरु जुन मैले राज्यबाट पाएको थिएँ जसको सर्वोच्च अदालतले जुन मापदण्ड खडा गऱ्यो यो मापदण्डबाट अब आफ्नो सम्पत्ति र आफ्नो आयलाई वैध भनेर प्रमाणित गर्नुपर्दछ । सर्वोच्च अदालतले सम्पत्तिको वैधताका लागि जुन मापदण्ड खडा गऱ्यो त्यो मापदण्डका आधारमा अब राजनीतिक व्यक्तिहरुले आफ्नो सम्पत्तिलाई प्रमाणित गर्नुपर्दछ स्वयम् घोषणा गरेपनि हुन्छ कि यस मापदण्डका आधारमा मेरो सम्पत्ति कानून अनुसारको उचित ठहर्छ कि ठहर्दैन ? मैले त स्पष्ट रुपमा भनेको छु, हिजो अख्तियारका प्रमुख रहेका सूर्यनाथ उपाध्यायदेखि लिएर अहिले एउटा समुदायलाई भ्रष्टाचारको दल-दलमा परेको भन्ने झलनाथ खनालजीले आफ्ना आम्दानीहरुलाई मेरो सन्दर्भमा सर्वोच्च अदालतले जुन मापदण्ड खडा गरेको छ, सो मापदण्डको आधारमा सही ठहऱ्याउन सक्नुहोस् । त्यसबाट नै प्रष्ट हुन्छ कि कुन समुदाय कति हदसम्म भ्रष्टाचारको दल-दलमा परेको छ अथवा कुन समुदायका मन्त्रीहरु भ्रष्टाचारी हुन् र कुन समुदाय चोखो छन् यो कुराहरु स्पष्ट हुन्छ । अब उहाँहरु उपर जिम्मेवारी गएको छ कि उहाँहरु यस कसीमा आफूलाई चोखो देखाउनुहोस् ।

o **नेपाल पत्रकारिता क्षेत्रले नेपालको जातीय आन्दोलनलाई वा जातीय द्वन्द्वलाई बढाएको छ भन्नु कतिको ठीक होला ?**

\- म बारबार एउटा उदाहरण दिने गरेको छु कि संसद, पत्रकारिताको क्षेत्र संवैधानिक अंगहरु र मानवअधिकारसँग सम्बन्धित निकायहरुको नेतृत्व जुन समुदायको व्यक्तिको भएपनि अथवा यसमा जुन समुदायको बाहुल्य भएपनि अथवा यसमा जुन समुदायको बाहुल्य भएपनि यसले सबै समुदायलाई समान रुपमा हेर्नुपर्दछ । प्रजातान्त्रिक

मुलुकहरुमा हामीले के देख्दछौं भने साना-साना अल्पसंख्यक समुदायहरुले पनि यस्ता निकायहरुबाट न्याय पाउने गर्दछन् । हाम्रै छिमेक भारतका अनेकन उदाहरणहरु हाम्रा सामु छन् । भारतीय संसदमा पाँच सय ४३ जना लोकसभामा सदस्यहरु छन् तर भारतकै नक्साभित्र सिक्किम एउटा सानो राज्य हो जहाँ सात-आठ लाख नेपालीभाषीहरु बस्छन् । उनीहरुले माग गरे कि हामीले बोल्ने नेपाली भाषालाई भारतीय संविधानको आठौं अनुसूचि अनुसार औपचारिक भाषाको रुपमा मान्यता दिइनुपर्दछ । भारतको संसदमा बाँकी पाँच सय ४२ जनाको भाषा नेपाली थिएन तर उनीहरुले नेपाली भाषालाई सम्मान दिए । नेपाली भाषा भारतको एक औपचारिक भाषा भयो । त्यो उदारता संसदले देखाउन सक्नुपर्दछ । खास गरेर नेपालजस्तो मुलुक जो बहुभाषिक, बहुजातीय मुलुक हो ; त्यहाँ यस्तो खालको उदारताको अपेक्षा सबैले गर्दछ । नेपाली सञ्चारगृहहरुले अन्य समुदायका भाषा, मुद्दा र प्रतिनिधित्वलाई महत्व नदिने हो भने उनीहरुले मुलुकमा सामञ्जस्यताको काम गरिरहेको मानिने छैन । मलाई लाग्दछ, नेपालको पत्रपत्रिकाहरु यस दिशामा सचेत हुन आवश्यक छ ।

o **तपाईको पार्टीको अवस्था कस्तो देखिरहनु भएको छ ?**

- हाम्रो पार्टी एउटा सुसंगठित पार्टीको रुपमा अगाडि बढ्दै थियो र मलाई सबैले पार्टीको अध्यक्षको रुपमा मान्नुभएको थियो । म पार्टी निर्माणको क्रममा लागेको थिएँ । यसै बीचमा मेरो गिरफ्तारीले स्वाभाविक रुपले, पार्टीमा एकदमै प्रतिकुल प्रभाव परेको छ । हेर्नुछ कि अब पार्टी व्यवस्थित हुन्छ कि हुँदैन । अध्यक्षको गिरफ्तारी भईसकेको परिस्थितिको पार्टीले मूल्यांकन गऱ्यो र पार्टीले मलाई अध्यक्षमै कायम राख्यो र पार्टीका सहअध्यक्षजीलाई कार्यवाहक अध्यक्षको रुपमा चयन गरियो । म उपर अदालतको जुन फैसला भयो त्यसको बारेमा पार्टीले आफ्नो दृष्टिकोण सार्वजनिक गरिसकेको छ । अब पार्टी मेरो अनुपस्थितिमा आफ्नो कार्यक्रमहरुलाई पनि अगाडि बढाउँदै छ । फागुन १५ गते पार्टीले देशव्यापी रुपमा प्रतिकारात्मक शैलीको प्रदर्शनको कार्यक्रमहरु पनि आयोजना गऱ्यो र धेरै ठाउँमा राम्रो तरिकाबाट ती कार्यक्रम सम्पन्न भएको छ । साथीहरु पनि अध्यक्षको अनुपस्थितिमा कसरी काम गर्ने अथवा कार्यवाहक अध्यक्षले सबैलाई समेटेर कसरी नेतृत्व दिने ; यसको अपेक्षा राखेका छन् । केही दिनमै साना मसिना कठिनाईहरुको सामना गरेर पार्टी राम्रै प्रकारले अगाडि बढ्छ होला । हामी सरकारमा सहभागी भएको अवस्थामा सञ्चार मन्त्रालय मधेशी जनअधिकार फोरम गणतान्त्रिकलाई दिइएको अवस्थामा प्रधानमन्त्रीले तुरुन्त गणतान्त्रिक फोरमलाई जिम्मा लगाउनुपर्दछ र पार्टीले यस विषयमा जे सुझाव दिन्छ त्यसको अनुपालन प्रधानमन्त्रीजीले गर्नुपर्दछ भन्ने मेरो धारणा हो ।

o **तपाई फोरम गणतान्त्रिकका अध्यक्षका हैसियतले आफ्ना नेता-कार्यकर्तालाई के सन्देश दिन चाहनुहुन्छ ?**

- मेरो आग्रह के छ भने चनाखो भएर अहिले राजनीतिक अवस्थालाई हेर्नुहोस्, चनाखो भएर आफ्ना मुद्दाहरुलाई सम्झिनुहोस् र चनाखो भएर विचार गर्नुहोस् कि हाम्रा मुद्दाहरु कुन स्थानमा छ र त्यसको अवस्था के छ, नयाँ संविधान आइरहेको छ वा छैन, आउँछ भने हाम्रा सवालहरुको त्यसमा के-कस्तो स्थान छ ? यस कुराहरुलाई चनाखो भएर हेर्न सक्यौं र हामीले मूल्यांकन गर्न सक्यौं कि हाम्रो स्थिति यो भयो अथवा हाम्रा कुराहरुलाई यस हदसम्म मान्य गरिएन, चनाखो भएर मात्र निष्कर्ष निकालियो भने अगाडिको बाटो तय हुन्छ । आगामी बाटो तयार गर्नका लागि उहाँहरु सचेत रहनुहोस्, मेरो यही शुभकामना छ ।

**(उपर्युक्त अन्तर्वार्ताहरु २०६८ चैत्र महिनामै प्रकाशित भएका हुन् । -सम्पादक)**

---